राजनीतिक दलले जनतासामु गरेका प्रतिबद्धता... | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक २९१ • २०८१ साल चैत ०६ गते बुधबार (19 March, Wednesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## २५ करोडको कनेक्सन सुन कारोबारीसंग



**टुडे समाचारदाता**

काठमाण्डु । काठमाण्डुको टोखा नगरपालिकास्थित झोर क्षेत्रबाट २५ करोड रुपैयाँ बराबरको यूरो र अमेरिकी डलरसहित एकजना पक्राउ परेका व्यक्ति रसुवाको केरुङतर्फ जाँदै गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

सोमबार राति ११ बजेतर्फ काठमाण्डुको टोखाबाट बरामद भएको २५ करोड १९ लाख २४ हजार ९ सय ५० रुपैयाँ बराबरको डलर र युरो कहाँ र कसरी संकलन भएको थियो भन्नेबारे शंका उपशंका हुन थालेको छ । बरामद भएको रकम सुन किन्नकै लागि पठाउन लागिएको प्रारम्भिक सूचना मिले पनि त्यतिका धेरै रकम कसरी जम्मा गरियो भन्ने प्रश्न उब्जिएको प्रहरीका केही अधिकारीले जनाएका छन् ।

५ वर्षअघि ७ किलो अवैध सुन तस्करीको आरोपमा पक्राउ परी २०७८ पुसमा नख्खु कारागारबाट कैदमुक्त भएका कुसाङ लामा सो घटनामा पक्राउ परेका थिए। प्रहरीले जनाएअनुसार यसअघिको घटनामा लामासहित चार जनालाई पक्राउ गरेको थियो । त्यतिबेला पनि उनी भरियाका रुपमा जोडिएको अनुसन्धानबाट देखिए पनि त्यो सुनको मालिक को थियो भन्ने अहिलेसम्म खुलेको छैन।

काठमाण्डु प्रहरीले यतिका धेरै युरो र डलर नेपाली बजारबाटै संकलन गरेर जम्मा गरिएको हो कि भारतबाट पनि ल्याइएको हो भन्ने पनि शंका उब्जिएको छ । प्राप्त सूचनाको विश्लेषणबाट यति धेरै विदेशी मुद्रा सुन किन्नकै लागि लैजान लागिएको निष्कर्ष प्रहरीको रहेको छ।

युरो र डलर काठमाण्डुमा जम्मा गरिएको हो भने कहाँ र कसरी जम्मा भयो र यसमा को-को संलग्न छन् भन्ने प्रश्न उब्जिएको प्रहरीको भनाइ छ।

### एसईई परीक्षामा मधेश सरकारको सहभागिता नरहने

# परीक्षालाई अमर्यादित बनाउने 'चेन' तोड्न सरकार असफल

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकार एसएसई परीक्षाको सञ्चालन र निगरानी प्रक्रियाबाट सम्पूर्ण रुपमा बाहिरिएको छ।

मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंहले परीक्षालाई मर्यादित बनाउने प्रयासलाई संघीय सरकारले साथ नदिएको कारण परीक्षा प्रकृयाबाट अलग्गिएको बताएका छन् ।

परीक्षालाई निष्पक्ष र मर्यादित बनाउन गोलाप्रथाबाट केन्द्राध्यक्ष नियुक्ति र परीक्षामा भेटिने मोबाइल जफत गर्ने निर्णय परीक्षा समन्वय समितिहरूले अस्वीकार गरेको छ।

प्रदेश सरकारले एसईई परीक्षाका लागि केन्द्राध्यक्ष छनौट गोलाप्रथाबाट गरिने बताउँदै आएको थियो ।केन्द्राध्यक्ष नियुक्तीमा निजी विद्यालयहरुले ठूलो आर्थिक चलखेल गर्ने गरेको आरोप लाग्दै आएको छ । 'परीक्षामा निजी विद्यालयलगायतको व्यवस्थापन गर्न आर्थिक चलखेल भइरहेको आरोप छ' मुख्यमन्त्री सिंहले भने, प्रदेश सरकारले त्यो 'चेन' लाई भत्काउन खोजेको हो । परीक्षालाई मर्यादित बनाउने प्रदेश सरकारको प्रयासलाई संघीय सरकारले साथ नदिएको उनले आरोप लगाए।

जिल्लाहरुमा रहेको परीक्षा समन्वय समितिहरुले प्रदेश सरकारलाई अटेर गरेको छ । मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालयले एसईई परीक्षालाई मर्यादित बनाउन पूर्व अभ्यास गरेको थियो । तर सरकारको निर्णयलाई परीक्षा समन्वय समितिहरुले नामनेका कारण परीक्षा प्रक्रियाबाट मधेश सरकार



अलग हुने घोषणा गरेको छ।

मधेश प्रदेश सरकार माध्यमिक शिक्षा परीक्षा (एसईई) प्रक्रियामा सहभागी नहुने घोषणा गरेको छ। मुख्यमन्त्री सतीशकुमार सिंहले मंगलबार पत्रकार सम्मेलन गरी एसईई परीक्षाबाट अलग भएको बताएका हुन्।

मधेश प्रदेश सरकारले परीक्षालाई निष्पक्ष र मर्यादित बनाउन गोलाप्रथाबाट केन्द्राध्यक्ष नियुक्ति र परीक्षामा भेटिने मोबाइल जफत गर्ने निर्णयलाई परीक्षा समन्वय समितिहरूले मान्न अस्वीकार गरेका छन् । परीक्षा मर्यादित बनाउन आफ्नो सरकारको भूमिका नै नहुने भएपछि साक्षी मात्रै नबस्ने मुख्यमन्त्री सिंहले बताए।

'विगतमा परीक्षामा आर्थिक चलखेलमा सेटिङ हुने गरेको थियो' उनले भने, चोरी फ्लेप चल्ने गरेको कसैबाट लुकेको छैन।

'अमर्यादित परीक्षाको कारण मधेश प्रदेशको शिक्षाको गुणस्तर कमजोर हुँदै गएको छ,' सिंहले भने, 'त्यसकारण यसपटक गोला प्रथाबाट केन्द्राध्यक्ष चयन र परीक्षामा फेला पर्ने मोबाइलहरू जफत गर्ने हामी निर्णय गरेका थियौं । तर हाम्रो निर्णय कार्यान्वयन नभएको कारण अनैतिक क्रियाकलापको हामी साक्षी बस्न नसक्ने उनले प्रष्टयाए। गत फागुन २६ मा मधेश सरकारले यस्तो निर्णय गरेको थियो।

तर सो निर्णय विपरीत जिल्ला परीक्षा समन्वय समितिहरूले केन्द्र भएका विद्यालयकै प्रधानाध्यापकलाई केन्द्राध्यक्ष बनाउने प्रक्रिया अघि बढाएको आरोप लगाउँदै मुख्यमन्त्री सिंहले अब एसईई परीक्षाको प्रक्रियामा हाम्रो संलग्नता नरहेको बताए।

पत्रकार सम्मेलनमा शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारीले एसईई परीक्षालाई सञ्चालन र मर्यादित बनाउने अधिकार प्रदेश सरकारको रहेको बताइन् ।' प्रदेश सरकारले एसईई परीक्षालाइ मर्यादित बनाउन सबै उपायहरु गर्ने तयारीमा थियो' उनले भनिन्, तर संघीय सरकारले हामीलाई सहयोग गरेन।

मधेश प्रदेशमा निजी विद्यालयहरुले प्रति विद्यार्थी १ देखि २ हजार रुपैयाँसम्म असुल गरेको बताइन्छ। त्यो रकम केन्द्राध्यक्ष र जिल्ला परीक्षा समन्वय समितिलाई दिने नाममा असुल गरिएको बताइएकोछ। गोलाप्रथाबाट केन्द्राध्यक्षको चयनगर्दा आर्थिक चलखेलमा निकै कमि आउने प्रदेश सरकारको विश्वास थियो।

देशभरि नै ७ गते विहिवारदेखि एसईई परीक्षा सञ्चालन हुँदैछ। देशभरि नै एकै समयमा परीक्षा हुनेछ ।मधेश प्रदेशमा ८८ हजार ८ सय ५८ जना परीक्षा रहेको छ।

एसईई परीक्षामा सुरक्षा व्यवस्था नेपाल प्रहरी र सशस्त्र प्रहरीको जिम्मेवारी छ । जिल्ला परीक्षा समन्वय समितिको अध्यक्ष प्रमुख जिल्ला अधिकारी रहने प्रावधान छ । विद्यालय स्थानीय तह मातहत रहेको छ ।प्रदेशमा शिक्षा तथा संस्कृति मन्त्रालय रहे पनि त्यसको भूमिका भने देखिदैन।

प्रदेशमा शिक्षाको स्तरलाई सुधार गर्न सरकारले गरेको प्रयास बिफल भएकोछ । प्रदेश सरकारको निर्णयलाई संघीय निकायले अस्वीकार गरेपछि मुख्यमन्त्री सिंह सुरक्षित अवतरणका लागि परीक्षा प्रक्रियाबाट अलग भएको घोषणा गरेको बताइन्छ।







# ठाकुरराम बहुमुखी क्याम्पसमा मतदान सम्पन्न

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्साको वीरगञ्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा मतदान सकिएको छ। स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को सभापतिसहितको पदाधिकारी चयनको लागि बिहान १० बजेदेखि सुरु भएको मतदान साँझ साढे ५ बजे सकिएको छ।

ठाकुरराम बहुमुखी क्याम्पसको निर्वाचनमा ४० प्रतिशत मत खसेको निर्वाचन समितिले जनाएको छ। निर्वाचन समिति प्रमुख दिलीप सिंहले साढे ७ घण्टा चलेको भोटिङमा ४३०६ वटा मत खसेको बताए । ठाकुरराम क्याम्पसमा आज भएको निर्वाचनमा १० हजार ७ सय २९ मतदाता रहेको निर्वाचन समितिले जनाएको छ।

सम्पन्न निर्वाचनको मतगणना मंगलबार गर्ने वा बुधबार गर्नेबारे सबै संगठन तथा समूहसँग छलफल गरेर केही बेरमा टुंगो लगाइने पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताए। स्ववियु सभापति पदमा ठाकुरराम क्याम्पसमा १४ जनाको उम्मेदवार छन्।



# अर्थ समितिमा भन्सार विधेयकमाथि छलफल



काठमाण्डु। प्रतिनिधिसभा, अर्थ समितिमा 'भन्सारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८०' माथि मंगलबार छलफल भएको छ।

विधेयकमाथिको दफावार छलफलका क्रममा समितिले भन्सारका कर्मचारीलाई विभागीय कारबाहीको विषय हटाएको छ। भन्सार विभाग र मातहतका कार्यालयमा खटिने कर्मचारीलाई कारबाहीको विषय निजामती सेवा ऐन र भष्ट्राचार निवारण ऐनलगायतका कानुनले समेट्ने भएकाले भन्सार विधेयकमा यो विषय राख्न आवश्यक नरहेको विषयमा छलफल भएको समिति सभापति सन्तोष चालिसेले जानकारी दिनुभयो।

समितिले विधेयकको दफा ९०, ९१ र ९२ हटाएको छ। यी दफामा कर्मचारीलाई विभागीय कारबाही गर्ने र हानीनोक्सानी भएको रकम भराइ दिनसक्ने व्यवस्था राखिएको थियो । भन्सार जाँचपास प्रक्रियालाई थप प्रविधिमैत्री र सहज बनाउन तथा नेपाल पक्ष राष्ट्र रहेको क्योटो महासन्धि अनुकूल हुनेगरी भन्सार ऐन संशोधन आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो।

नेपाल संशोधित क्योटो महासन्धि सम्झौता र विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौताको पक्ष राष्ट्र हो। यी सम्झौताअनुसार संशोधित क्योटो महासन्धिका प्रावधानमध्ये सामान्य प्रावधान सदस्य भएको तीन वर्षभित्र तथा सङ्क्रमणकालीन मापदण्ड पाँच वर्षभित्र कार्यान्वयनमा ल्याइसक्नुपर्ने महासन्धिमा उल्लेख छ।

यस्तै, व्यापार सहजीकरणका लागि भन्सारसँग सम्बन्धित प्रावधान भन्सार ऐन नियमबाट सम्बोधन गर्न आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको जनाइएको छ।रासस

# स्ववियु निर्वाचन :
## फर्जी मतदाता पक्राउदेखि वृद्धसम्म मतदानमा सहभागी

**टुडे समाचारदाता**

राजविराज। सप्तरीको राजविराजस्थित स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनअन्तर्गत मंगलबार महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा अर्काको नाममा मत खसाउन पुगेका एकजनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

सप्तरीका डीएसपी जितेन्द्रकुमार बस्नेतले अर्काको नाममा मतदान गर्न आएका शिवकान्त मण्डललाई नियन्त्रणमा लिएको जानकारी दिए।

सप्तरीसहित देशका विभिन्न जिल्लामा स्ववियु निर्वाचन भएको छ। मंगलबार बिहान ८ बजेदेखि ४६ आंगिक र दुई सय ५० सम्बन्धनप्राप्त क्याम्पसमा शुरु भएको निर्वाचनको मतदानको अवधि दिउँसो ४ सम्म तोकिएको थियो।

स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्यसचिव पशुपति अधिकारीले मतदानलगत्तै क्याम्पसमा गठन गरिएको निर्वाचन समितिले मतगणना साँझदेखि गर्ने बताए।



त्यस्तै महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजको स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा मतदाता रहेका ६७ वर्षीय निर्भयकान्त झाले मतदान गरेका छन्।

झाले मंगलबार बिहान मतदाताको लाइनमा सबैभन्दा अघि उभिएर युवा विद्यार्थीहरुलाई शान्तिपूर्ण रूपमा मतदान सम्पन्न गराउन सुझाए।

झा मतदाताको लाइनमा रहँदा उम्मेदवारहरु उनी नजिक झुम्मिएका थिए। सप्तरीको तिलाठी घर भएका झाले पढाईलाई उमेरले नछेक्ने बताउँदै एउटा विद्यार्थीको हैसियतमा मताधिकारको प्रयोग गरेको बताए।

सो निर्वाचनका लागि राजनीतिक दल निकटका विद्यार्थी संगठन अनेरास्ववियु, नेपाल विद्यार्थी संघ, अनेरास्ववियु (क्रान्तिकारी), अनेरास्ववियु, स्वतन्त्र विद्यार्थी समूहलगायतले भाग लिएका छन्।

कुल ३ हजार १२ मतदाता रहेको महेन्द्र विन्देश्वरी क्याम्पस राजविराजमा स्ववियु सभापतिका लागि ५ जना प्रतिस्पर्धामा छन्।

# बर्ली एयर कूलर नेपालमा भव्य रूपमा लन्च




**टुडे समाचारदाता**

काठमाण्डु। भारतको सबैभन्दा ठूलो इक्विपमेन्ट म्यानुफ्याक्चरर बर्ली होम एप्लायन्सले नेपालमा आधिकारिक रूपमा १७ आधुनिक एयर कुलरहरू सार्वजनिक गरेको छ। यो भव्य कार्यक्रम १७ मार्च २०२५, सोमबारका दिन काठमाडौंको भिवान्ता होटलमा आयोजना गरिएको थियो। कार्यक्रममा प्रमुख व्यापार साझेदार, सञ्चारकर्मीहरू र वितरण सञ्जालका प्रतिनिधिहरू सहभागी भए।

कार्यक्रममा उत्पादित वस्तुहरूको अनावरण सीजी कर्प ग्लोबलका प्रबन्ध निर्देशक निर्वाण चौधरी र बर्ली होम एप्लायन्सका प्रबन्ध निर्देशक चिराग शर्मा द्वारा गरियो। कार्यक्रममा बर्ली होम एप्लायन्सका प्रबन्ध निर्देशक चिराग शर्माले नेपालमा सार्वजनिक गरिएका उत्पादनहरूको विशेषता र भविष्यमा बर्लीको थप नयाँ उत्पादनहरू पनि नेपालमा प्रस्तुत गर्ने योजनाबारे चर्चा गरे।

बर्लीका उत्पादनहरू उपयोगमा सरल, सुलभ मूल्यमा उपलब्ध र ग्राहकहरूको लागि उच्च मूल्य प्रदान गर्ने ख्याति राख्दछन्। बर्लीले नेपाली बजारमा प्रवेशसँगै सीजी इलेक्ट्रोनिक्सलाई आफ्नो आधिकारिक एकमात्र वितरकको रूपमा नियुक्त गरेको छ।

यो सहकार्यले उच्च गुणस्तर, किफायती मूल्य, र उपयोगमैत्री समाधानहरू नेपाली ग्राहकको पहुँचमा पुऱ्याउने उद्देश्य राखेको छ र यो सहकार्य आगामी दिनहरूमा अझ विस्तार र सुदृढ हुने अपेक्षा गरिएको छ।

यो कार्यक्रम बर्लीको गुणस्तर, नवीनता र नेपाल बजारमा कम्पनीको भविष्यको योजनाहरूको प्रतिबद्धतालाई झल्काउने गरी भव्य रूपमा सम्पन्न भएको छ।

# मन्त्री भट्टराई र निजी विद्यालयका प्रमुखबीच छलफल



काठमाण्डु। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र विभिन्न निजी तथा सार्वजनिक विद्यालयका प्रमुखबीच छलफल भएको छ।

मंगलबार यहाँ भएको छलफलमा मन्त्री भट्टराईले छात्रवृत्ति वितरणलाई पारदर्शी र सरकारी नियम कार्यान्वयन गर्न उहाँहरूलाई आग्रह गर्नुभयो।


उहाँले आगामी शैक्षिक सत्रलाई व्यवस्थित र समावेशी बनाउन सबैलाई निष्पक्ष र समान अवसर प्रदान गर्न, भर्ना प्रक्रिया पूर्ण रूपमा पारदर्शी बनाउन आग्रह गर्नुभयो।

मन्त्री भट्टराईले शिक्षा क्षेत्रमा सबैको पहुँच सुनिश्चित गर्दै वर्ग विभाजन हुन नदिने कुरामा ख्याल गर्न आग्रह गर्नुभएको उहाँको निजी सचिवालयले जनाएको छ। सरकारको नीति र योजनाअनुसार सबै शैक्षिक संस्था सञ्चालन हुनुपर्ने, शैक्षिक क्यालेण्डर कडाइका साथ पालना गर्नुपर्ने र विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्धता हुनुपर्ने विषयमा पनि छलफल भएको थियो।

छलफलमा काठमाडौं उपत्यकामा सञ्चालित सेन्टमेरिज, सेन्ट जेभिएर्स, रातो बङ्गला, बूढानीलकण्ठ स्कुल, एसओएस बालग्राम, नेपाल सैनिक विद्यालय, नेपाल प्रहरी स्कुल र गण्डकी बोर्डिङ स्कुलका प्रमुखको सहभागिता रहेको थियो।

त्यस क्रममा आगामी शैक्षिक सत्रका लागि विद्यार्थी भर्ना प्रक्रिया, शुल्क व्यवस्थापन, छात्रवृत्ति वितरण, विद्यालयको सामाजिक उत्तरदायित्व र कार्यरत शिक्षक कर्मचारीको सामाजिक सुरक्षालगायत विषयमा समेत छलफल भएको थियो।रासस

# अस्पताल तथा स्वास्थ्य संस्था दर्ता, नवीकरण, स्तरोन्नति 'अनलाइन'बाटै




भक्तपुर। बागमती प्रदेशका १३ जिल्लामा सञ्चालित सम्पूर्ण अस्पताल तथा स्वास्थ्य संस्थाहरु दर्ता, नवीकरण तथा स्तरोन्नतिका लागि 'अनलाइन' बाटै आवेदन दिन सकिने भएको छ।

हिजो सोमबार बाग्मती प्रदेश सरकारले आफ्नो प्रदेशभित्रका स्वास्थ्य संस्थाहरुको दर्ता, नवीरकण तथा स्तरोन्नतिका लागि अनलाइन सेवा शुभारम्भ गरेको बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापा मगरले जानकारी दिनुभयो।

निजीस्तरका अस्पताल तथा स्वास्थ्य संस्थाहरु दर्ता, नवीकरण र स्तरोन्नति हुनुअगाडि सम्बन्धित निकायबाट हुने अनुगमनमा आर्थिक चलखेलको आरोप लागेपछि बाग्मती प्रदेश सरकारले अनलाइनबाटै आवेदन दिने गरी सेवा सञ्चालनमा ल्याएको हो।

स्वास्थ्यमन्त्री थापाले भन्नुभयो, "बाग्मती प्रदेशभित्रका सबै अस्पताल तथा स्वास्थ्य संस्थाहरु दर्ता तथा नवीकरण सुरु गरेका छौं, यसका लागि अब कुनै झन्झट व्यहोर्नु पर्दैन।" उहाँले अनलाइनबाट आवदेन दिएपछि मापदण्ड पूरा भए नभएको हेरेर दर्ता नवीकरण र स्तरोन्नति गरिने बताउनुभयो। मापदण्ड पूरा नगरेका स्वास्थ्य संस्थाहरुको हकमा मन्त्रालयले ६ महिनाको समय थप दिने, ६ महिनाभित्र पनि मापदण्ड पूरा नगर्नेहरुको दर्ता, नवीकरण नगरिने र सेवा बन्द गर्ने/गराउने प्रक्रियामा जाने बताउनुभयो।

मन्त्री थापाले स्वास्थ्य सेवा ऐन पारित गरेसँगै बाग्मती प्रदेशभित्रका सरकारी अस्पतालहरुले नर्सिङ कलेज सञ्चालन गर्न खुल्ला भएको बताउनुभयो। मन्त्री थापाले अस्पतालको सेवालाई चुस्त र दुरुस्त बनाउने ई-हाजिरी सेवा सुरु गरेर बाग्मती प्रदेश मन्त्रालयबाटै दैनिक निरीक्षण गर्ने व्यवस्था गर्न लागिएको बताउनुभयो। रासस

# गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने प्रदेश सरकारको प्रतिबद्धता

दमौली। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आमनागरिकलाईगुणस्तरीयस्वास्थ्य सेवा उपलब्ध गराउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

आँबुखैरेनी गाउँपालिकाले सञ्चालन गरेको आँबुखैरेनी अस्पतालको मंगलबार निरीक्षण गर्दै उहाँले हरेक नागरिकलाई सहज रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने राज्यका प्रयासमा चिकित्सकलगायत स्वास्थ्य क्षेत्रमा आबद्ध सबैको सहयोग अपरिहार्य भएको बताउनुभयो। अवस्था सिर्जना गरिने बताउनुभयो।

स्थानीय तहसँग सहकार्य गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको तथा भविष्यमा पनि स्रोत र साधनले भ्याएसम्म प्रदेशका स्वास्थ्य संस्थालाई उपकरण प्रदान गर्ने मुख्यमन्त्री पाण्डेले उल्लेख गर्नुभयो। उक्त अस्पताललाई प्रदेश सरकारले एक थान शल्यक्रिया मेसिन प्रदान गरेको छ।

आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले अस्पतालले प्रदान गर्दै आएको सेवाका बारेमा जानकारी गराउनुभएको थियो। विसं २०७९ मङ्सिर १ गतेदेखि आँबुखैरेनी स्वास्थ्यचौकी १५ शय्याको अस्पतालमा रुपान्तरण भएको हो।रासस

# मदन भण्डारी स्पोर्ट्स एकेडेमी धनुषा गठन

**टुडे समाचारदाता**

जनकपुरधाम। मदन भण्डारी स्पोर्ट्स एकेडेमी धनुषा जिल्लाको अध्यक्षमा श्रीनारायण साहलाई चयन गरिएको छ।

सो कार्यसमितिको उपाध्यक्षमा अनिल कुमार साह, अजय कुमार मण्डल र कमल मण्डल, सचिवमा मातृकाप्रसाद दास, सह-सचिवमा प्रिन्स कुमार यादव, तथा कोषाध्यक्षमा रोशन कुमार दासलगायत २७ जना रहेका छन्। सो समितिको गठन गर्नु अघि भएको कार्यक्रममा मदन भण्डारी स्पोर्ट्स एकेडेमी सदस्य तथा मधेश प्रदेशका सह-संयोजक दिपन ठाकुर रहेका थिए। उनले धनुषा जिल्लालाई खेलकुदको प्रमुख केन्द्र बनाउन पहल गर्ने प्रतिवद्धता व्यक्त गरे।

सो कार्यक्रममा एकेडेमीका केन्द्रीय सदस्य जीवन थापाको अध्यक्षता रहेको थियो, भने केन्द्रीय सचिवालय सदस्य कल्याण बुझ्ले रहेका थिए।

## जग्गा बिक्रीमा

जनकपुरधाम उपमहानगरपालिका वार्ड नं. २३ विन्हीमा रहेको श्री सोनासती माईस्थान संगै पुर्वमा रहेको भारतसम्म जाने सिक्सलाईन सडक संगै टाँसिएको कि.नं. १७२८ (१ कठ्ठा ७ धुर) र १७३० (२ कठ्ठा २ धुर) पश्चिम मोहडा भएको जग्गा ३ कठ्ठा ९ धुर तुरुन्त बिक्रीमा रहेकोले इच्छुक महानुभावले निम्न मोबाइलमा सम्पर्क गर्नुहोला।

सम्पर्क

९८०७६९९०६९ (कासिम)

९८०१५३७९१० (रंजित)

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ। |
| वृष : | आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ। |
| मिथुन : | नयाँ व्यवसाय सुरु गर्ने मौका छ। महत्वपूर्ण काम गरेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। |
| कर्कट : | प्रयत्न गर्दा भाग्यले साथ दिनेछ। |
| सिंह : | रमाइलो यात्राको अवसर जुट्न सक्छ। |
| कन्या : | सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ। |
| तुला : | प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ। |
| वृश्चिक : | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ। |
| धनु : | विगतका कमजोरी सच्याउने मौका मिल्नेछ। |
| मकर : | काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ। |
| कुम्भ : | सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ। |
| मीन : | अध्ययन अध्यापनमा प्रगति हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी

9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



त्रिभुवन विश्वविद्यालय स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा वीरगञ्जको ठाकुरराम बहुमुखी क्याम्पसमा मतदानका लागि लामबद्ध विद्यार्थीहरु । यहाँ सभापतिपदका लागि १४ जनाको उम्मेदवारी परेको छ। *तस्बिरः रासस*

# रेडियो नेपालका पत्रकार राममाथि आक्रमण

जलेश्वर । रेडियो नेपालका महोत्तरी संवाददाता मञ्जित राममाथि भएको साङ्घातिक आक्रमणको चौतर्फी निन्दा एवं भर्त्सना गरिएको छ।

जिल्लाको सोनमा गाउँपालिका-५ स्थित आफ्नै निवासमा बसिरहेको अवस्थामा आइतबार दिउँसो गाउँकै कुँजविहारी यादवसहित निजको परिवारका सदस्य मिलेर पत्रकार रामको घरमा जबर्जस्ती प्रवेश गरी बन्धक बनाएर निर्घात रूपमा कुटपिट गर्नुका साथै बर्बर यातना दिएर घाइते बनाएकोप्रति सञ्चारमाध्यमले निन्दा एवं भर्त्सना व्यक्त गरेका हुन् ।

पत्रकार रामलाई कुटपिट, बन्धक, बर्बर यातना र घाइते बनाएकामा नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिको तर्फबाट महासचिव रामप्रसाद दाहाल, नेपाल पत्रकार महासङ्घ प्रादेशिक कार्यसमिति मधेस प्रदेशको तर्फबाट महासचिव शैलेन्द्र महतो, नेपाल पत्रकार महासङ्घ महोत्तरी शाखाको तर्फबाट सचिव रामनारायण महतो, नेपाल प्रेस युनियन महोत्तरी शाखाबाट सचिव नवीन चौधरी र प्रेस सेन्टर नेपाल महोत्तरीबाट सचिव विकास आर्य ठाकुरले आज छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै घटनाको भर्त्सना गरेका छन् ।

जारी विज्ञप्तिमा कुनै पनि बहानामा पत्रकार राममाथि गरिएको आक्रमण निन्दनीय र प्रेस स्वतन्त्रतामाथिको अपराध भएको, पत्रकारलाई हतोत्साहित एवं त्रसित बनाउने काम भएकाले यस हर्कतमा संलग्नलाई तत्काल कानुनी दायरामा ल्याउन र पत्रकार रामलाई सुरक्षाको प्रत्याभूति दिलाउन सम्बन्धित निकायसँग माग गरिएको छ।

विज्ञप्तिमा पत्रकार शरीरका विभिन्न भागमा चोट लागेर प्रादेशिक अस्पताल जलेश्वरमा उपचाररत पत्रकार रामको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले घाइते पत्रकारको स्वास्थ्य परीक्षण र आवश्यक जाँच गराइएको बताउँदै घाउखतको रिपोर्ट आएपछि अनुसन्धान प्रक्रिया अघि बढाइने बताउनुभयो । उहाँले घटनामा संलग्न भएकाहरूको खोजी भइरहेको उल्लेख गर्नुभयो ।रासस

# लाइसेन्स दिने तयारीपछि कर्मकाण्ड र ज्योतिष प्रशिक्षण लिने बढे




काठमाण्डु । पुराण वाचक, ज्योतिषी कर्म र कर्मकाण्ड गर्ने ब्राह्मणको परीक्षा लिएर लाइसेन्स दिने तयारी सुरु भएपछि नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिमा प्रशिक्षण लिनेको घुइँचो लागेको छ।

प्रशिक्षण लिन चाहनेको घुइँचो लागेपछि चैतदेखि छ महिने कार्यक्रम सुरु गरिएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले राससलाई जानकारी दिनुभयो । ज्योतिष र कर्मकाण्ड प्रशिक्षण लिन चाहनेहरू समितिमा आएर सोधपुछ गर्न थालेपछि सूचना निकालेर यही महिनादेखि प्रशिक्षण दिन थालिएको हो । समितिमा आफैँ खोजी गर्दै करिब तीन दर्जन प्रशिक्षार्थी आएका समितिले जनाएको छ।

प्रशिक्षण लिन चाहनेमध्ये महिला र अपाङ्गलाई छुटको व्यवस्था पनि गरिएको उहाँले जानकारी दिनुभयो । ज्योतिष प्रशिक्षण लिन जनजाति र दलित पनि आउने गरेका समितिले जनाएको छ। "कर्मकाण्ड प्रशिक्षणमा भने महिलाको पनि रुचि हुने गरेको छ।

कर्मकाण्ड प्रशिक्षण लिने धेरै भने ब्राह्मण समुदायका हुने गरेका छन्", ढुङ्गेलले भन्नुभयो । उहाँका अनुसार छ महिने प्रशिक्षणको रु १५ हजार शुल्क तोकिएको छ। यसमा थप परीक्षा शुल्क पनि लाग्ने छ।

कथावाचक, ज्योतिषी र कर्मकाण्ड गर्ने पुरोहितलाई नियमन गर्न, करको दायरामा ल्याउन पनि लाइसेन्स उपयुक्त हुने भएकाले सोहीअनुसार तयारी भइरहेको समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले बताउनुभयो । उहाँका अनुसार पुराण वाचन गर्न चाहने पण्डितका लागि वाल्मीकि विद्यापीठले यही चैतदेखि एक वर्षे प्रशिक्षण सुरु गरेको छ।

यो प्रशिक्षणमा भाग लिने आउनेको पनि संख्या बढेको छ। पुराण वाचन शास्त्रीय विधिअनुसार नभइरहेको गुनासो बढ्न थालेपछि विद्यापीठका प्राध्यापकहरुको सक्रियतामा यो प्रशिक्षण सुरु गरिएको वाल्मीकिका प्राचार्य अच्युतप्रसाद लामिछानेले बताउनुभयो। उहाँका अनुसार दैनिक एक घण्टा एक वर्षसम्म प्रशिक्षण दिएपछि प्रशिक्षार्थीले शास्त्रीय विधिअनुसार पुराण वाचन गर्नसक्ने छन् ।रासस

# स्वर्गद्वारी गुठीपीडितको समस्या समाधन गर्ने प्रतिबद्धता



काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले 'गुठी संस्थान ऐन, २०३३' संशोधन गरेरै भए पनि 'स्वर्गद्वारी गुठीपीडित किसान' को समस्या समाधान गर्ने प्रतिबद्धता गर्नुभएको छ।

प्रतिनिधिसभाको 'कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति' को मंगलबारको बैठकमा सांसदहरुले राख्नुभएको जिज्ञासाको जवाफ दिँदै उहाँले सो ऐन संशोधनका निम्ति 'ड्राफ्ट' भइसकेको बताउनुभयो।

उहाँले भन्नुभयो, "स्वर्गद्वारी गुठीलगायत भूमिसँग सम्बन्धित समस्या समाधानका निम्ति भूमिसम्बन्धी अध्यादेश ल्याएको हो, तर संसद्मा पेस गर्ने वतावरण भएन, अब हामीले गुठी ऐनका बुँदाहरु संशोधन गरेर गुठीपीडितको समस्या समाधान गर्ने पक्षमा छौँ।"

जतिसक्दो चाँडो गुठी विधेयक ल्याउनुपर्ने र किसानले जोतभोग गरेको जग्गाको स्वामित्व पाउनुपर्ने, गुठी जग्गा 'रैकर' गरी किसानलाई जग्गाधनी प्रमाण पुर्जा दिनुपर्ने, जोताहाका नाममा दर्ता हुन बाँकी जग्गाको स्रेस्ता कायम गरी रैकर पुर्जा उपलब्ध गराउनुपर्ने लगायतका माग राख्दै 'गुठीपीडित किसान सङ्घर्ष समिति' को नेतृत्वमा स्वर्गद्वारी गुठीपीडित मोही किसानहरूले गत माघ २० गतेदेखि काठमाडौँको माइतीघर मण्डलामा धर्ना दिँदै आएका छन्।

मन्त्री अधिकारीले बाँझो जग्गा, अव्यवस्थित बसोबास, भूमिहीन सुकुम्वासी, अतिक्रमित तथा हदबन्दी छुट लिएको जग्गालगायत भूमिसँगसम्बन्धी समग्र समस्या समाधान गर्न सबैभन्दा पहिला ऐन बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । भूमि सुधार ऐन २०२१ लाई परिमार्जन गर्दै नयाँ ऐन ल्याउनका लागि ऐनको ड्राफ्ट भइरहेको उहाँको भनाइ छ।

सांसद भानुभक्त जोशीले सरकार छिटो परिवर्तन हुने भएकाले भूमि समस्या समाधान आयोगले तीव्र रुपमा काम गर्न नसकेको बताउनुभयो।

उहाँले खोलाको किनार अतिक्रमण गरेर बसोबास गर्ने परिवारका लागि ठोस समाधानको उपाय खोज्नुपर्ने बताउनुभयो । सांसद सूर्यप्रसाद ढकालले भूमिसम्बन्धी समस्यालाई सधैँका लागि समाधान गर्नेगरी सरकारले काम गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको नवौँ सभा सम्पन्न



काठमाण्डु । प्रधानमन्त्री एवं पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका कुलपति केपी शर्मा ओलीको अध्यक्षतामा प्रतिष्ठानको नवौँ सभा सम्पन्न भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको बैठकमा प्रतिष्ठानको चालु आर्थिक वर्षको बजेट र कार्यक्रम स्वीकृत भएको छ भने गत आर्थिक वर्षको महालेखा परीक्षकको प्रतिवेदनबारे जानकारी गराइँदै त्यसमा रहेका सुधार्नुपर्ने पक्षहरुमा ध्यान दिन जोड दिइएको छ।

बैठकमा कुलपति ओलीले चिकित्सा शिक्षाका साथै पोखरा र त्यस क्षेत्रका सर्वसाधारणको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन निर्देशन दिनुभयो । उहाँले आर्थिक वर्ष लाग्नुपूर्व नै बजेट तथा कार्यक्रम पारित गराउन आग्रह गर्नुभयो।

स्वास्थ्य तथा जनसंख्यामन्त्री एवं सहकुलपति प्रदीप पौडेल सहभागी बैठकमा प्रतिष्ठानका उपकुलपति डा डुकबहादुर क्षेत्रीले प्रतिष्ठानबाट कार्यकालमा भएका प्राज्ञिक, व्यवस्थापकीय र स्वास्थ्य सेवाका क्षेत्रमा भएका प्रगतिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।रासस

# प्रहरी महानिरीक्षकद्वारा पदबहाली, देशको शान्तिसुरक्षा प्रमुख प्राथमिकता

काठमाण्डु । प्रहरी महानिरीक्षक दीपक थापाले मंगलबार अपराह्नदेखि कार्यभार सम्हाल्नुभएको छ। पद बहालीसँगै उहाँले मुलुकको शान्ति सुरक्षा आफ्नो प्रमुख प्राथमिकता भएको स्पष्ट गर्नुभएको छ।

मन्त्रिपरिषद्को सोमबारको निर्णयअनुसार उक्त पदमा पदोन्नति पाउनुभएका उहाँलाई आजै गृहसचिव गोकर्णमणि दुवाडीले दर्ज्यानी चिह्नबाट सुशोभन गर्नुभएको थियो ।त्यस अवसरमा गृहसचिव दुवाडीले गौरवशाली सङ्गठनको प्रमुख जस्तो गरिमामय पद प्राप्त गर्नुभएकामा प्रहरी महानिरीक्षक थापालाई हार्दिक बधाई तथा सफल कार्यकालको सफलताको कामना गर्नुभयो ।सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, प्रहरी अतिरिक्त महानिरीक्षक, गृह मन्त्रालयका उच्चपदस्थ अधिकारी, प्रहरी नायब महानिरीक्षक एवं सञ्चारकर्मीहरूको सो अवसरमा उपस्थिति थियो।

पद बहालीपछि महानिरीक्षक थापाले नेपाल प्रहरीको श्रीवृद्धिका साथै मुलुकमा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्नु आफ्नो उद्देश्य भएको बताउँदै त्यसलाई साकार तुल्याउन सङ्गठनका सबैबाट योगदान हुने विश्वास व्यक्त गर्नुभयो। पद बहालीअघि उहाँले नेपाल प्रहरी प्रधान कार्यालय परिसरस्थित अमर प्रहरी स्मारकमा पुष्पहार चढाई अमर प्रहरीप्रति श्रद्धाञ्जली अर्पण गर्नुका साथै कार्यालय परिसरमा निमको बिरुवा रोप्नुभयो ।रासस

# शहरी विकास मन्त्रालयको खर्च अठार प्रतिशत




काठमाण्डु । शहरी विकास मन्त्रालयले चालु आर्थिक वर्षमा रु १२ अर्ब २४ करोड तीन लाख ८७ हजार अर्थात् १७.९३ प्रतिशत खर्च गरेको छ। मंगलबार मन्त्रालयले पत्रकार सम्मेलन गरेर उक्त जानकारी दिएको हो।

मन्त्रालयका निम्ति रु ९१ अर्ब ३५ करोड २३ लाख विनियोजन भएकामा सङ्घतर्फ ६८ अर्ब २५ करोड ८३ लाख ३९ हजार भएको थियो । विनियोजित रकममध्ये चालुतर्फ रु चार अर्ब ४२ करोड ३८ लाख २३ हजार र पुँजीगततर्फ रु ६३ अर्ब ८३ करोड ४५ लाख १६ हजार छुट्याइएको थियो।

हालसम्म चालुतर्फको खर्च २५ दशमलव २३ प्रतिशत भएको छभने पुँजीगततर्फको खर्च १७ दशमलव ४३ प्रतिशत रहेको छ । चालु आवमा शहरी विकास मन्त्रालय (सङ्घीय कार्यालय)बाट कार्यान्वयन हुने तीन हजार ७१६ वटा नयाँ कार्यक्रममध्ये जम्मा एक हजार ६२३ वटा कार्यक्रमको बोलपत्र आह्वान भएको छ।

बोलपत्र आह्वान भएका एक हजार ६२३ वटा कार्यक्रममध्ये पनि एक हजार ९८ वटा कार्यक्रमको ठेक्का सम्झौता भएको छभने १२४ वटा पूरा भएका छन् । यसैगरी, बाँकी दुई हजार ९३ वटा कार्यक्रममध्ये २८८ वटा कार्यक्रम बहुवर्षीय स्वीकृतिका लागि प्रस्तावित कार्यक्रम हुन्। मन्त्रालयका प्रवक्ता नारायण मैनालीका अनुसार एक हजार ४५९ वटा पुराना (क्रमागत तथा बहुवर्षीय स्वीकृत कार्यक्रम)मध्ये चालु आवमा जम्मा २८० वटा कार्यक्रम सम्पन्न भइसकेका छन्।

त्यसैगरी, ३३० वटा झोलुङ्गे पुल निर्माण गर्ने लक्ष्य रहेकामा हालसम्म १६२ वटा निर्माण सम्पन्न भएका छन् । यसैवर्ष संविधान दिवसका दिनदेखि आगन्तुकका निम्ति खुला गरिएको धरहराको अवलोकन एक लाख ३० हजारभन्दा बढीले गरेका र त्यसबाट रु दुई करोड ३७ लाख राजस्व सङ्कलन भएको उक्त मन्त्रालयले जानाकारी गराएको छ ।रासस

# नेप्से परिसूचकमा निरन्तर गिरावट



काठमाण्डु । यो यो साताको कारोबारको लगातार तेस्रो दिन पनि नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा गिरावट देखिएको छ । अघिल्लो साता पनि लगातार घटेर नेप्से परिसूचक अन्तिम कारोबार दिन केही अङ्कले बढेको थियो । तर यो साता कारोबारका सबै दिन पुनः परिसूचक ओरालो लागेको छ।

मंगलबार नेप्से परिसूचक सात दशमलव ६६ अङ्कले घटेर दुई हजार छ सय ९७ दशमलव ०४ को बिन्दुमा कायम भएको छ।

मंगलबार तीन सय १३ कम्पनीको ८२ लाख ३७ हजार नौ सय दुई कित्ता शेयर ५० हजार आठ सय ३४ पटक खरिदबिक्री हुँदा रू चार अर्ब ३४ करोड ६६ लाख ३२ हजार बराबरको कारोबार भएको हो ।मंगलबारको कारोबारमा अन्य समूहको उपसूचक शून्य दशमलव ११ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ समूह शून्य दशमलव १४, विकास बैंक शून्य दशमलव ४२, वित्त शून्य दशमलव १७, होटल तथा पर्यटन शून्य दशमलव ३६, जलविद्युत् शून्य दशमलव १७, लगानी शून्य दशमलव ४२ र जीवन बीमा समूह शून्य दशमलव ७० प्रतिशतले घटेको हो । त्यसैगरी, उत्पादन तथा प्रशोधन शून्य दशमलव २३, लघुवित्त शून्य दशमलव ३१, म्युचुअल फन्ड शून्य दशमलव ३७, निर्जीवन बीमा शून्य दशमलव ५४ र व्यापार समूह शून्य दशमलव ६६ प्रतिशतले घटेको छ।

मंगलबारको कारोबारमा मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९६ र प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य आठ दशमलव २१ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रू ३२ करोड ११ लाख १७ हजार आठ सय ९२ बराबरको शेयर किनबेच भएको छ। रासस


## राजर्षिजनक विश्वविद्यालय
### मानविकी तथा कानून संकाय
### डीनको कार्यालय, जनकपुरधाम


**सूचना ! सूचना !! सूचना !!!**

**दोश्रो पटक प्रकाशित सूचना मिति २०८१/१२/०५**

राजर्षिजनक विश्वविद्यालय संगठन, संरचना तथा व्यवस्थापन नियमावली २०७५को नियम १०२ को उपनियम(१) अनुसार यस मानविकी तथा कानून संकायको सहायक डीन पदका लागि सहायक डीन पदमा नियुक्तिका लागि सिफारिस सम्बन्धी कार्यविधी, २०८१ बमोजिम कानून विषयमा स्नातकोत्तर गरेका अनुभवी तथा इच्छुक योग्य उम्मेदवारले कार्यविधीको मापदण्डमा उल्लेखित कागजातहरु क्रमानुसार संलग्न गरी ७(सात) दिन भित्र कार्यालय समय अपराहन्न ५ बजे भित्र डीन कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

विस्तृत जानकारीको लागि सम्पर्क नं ९८६०८३३६६३ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

**डीन**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# संघीयता संस्थागत आवश्यक

नेपालमा संघीयताको अभ्यास शुरु भएको सात वर्षमै मूल्यांकन गर्न थालिएको छ। संघीयताले मुलुकमा अनावश्यक आर्थिक भार थपेको र अनेकौं विकृतिहरु बढाएकाले त्यसलाई खारेज गर्नुपर्ने आवाज उठिरहेको छ। देशका एउटा वर्ग संघीयताको विरोधमा प्रारम्भदेखि नै लागेको छ। देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि कयौं चरणमा बलिदानी दिएको छ। संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था अहिले शिशुकालमा नै रहेको छ। संघीय सरकारले केन्द्रीकृत मानसिकता त्याग्न सकेको छैन। सबै ठूला दलका नेताहरु प्रदेशलाई कुनै हालतमा अधिकार दिने पक्षमा छैन। नेपालको संविधानले प्रदान गरेको अधिकार समेत पदेशले पाएको छैन। संविधानमै शान्ति सुरक्षाको जिम्मेवारी प्रदेश सरकारलाई दिएको छ। तर प्रदेश सरकारसित प्रहरी र पशासन छैन। प्रहरी प्रशासन नभइ शान्ति सुरक्षा सरकारले कसरी प्रदान गर्न सक्छ ? छिमेकी राष्ट्र भारतमा पनि प्रदेश सरकार मातहत प्रदेश प्रहरी छ। आईपीएस र आईएएसको नियुक्ति बाहेकको काम प्रदेश सरकारले नै गर्छ। मुख्य सचिवसम्मको बढुवा, पदस्थापन, सचिवहरुको पदस्थापन, सरुवालगायत प्रदेशमा रहेका मन्त्रालय मातहतका कर्मचारीहरुको सम्पूर्ण व्यवस्थापन प्रदेश सरकारले गर्छ। त्यहाँ संघीयताको अभ्यास हुन थालेको झण्डै ६ दशक भएको छ। नेपालमा ७ वर्षमा नै संघीयता असफल भएको बहस शुरु भइसकेको छ। संघीयतालाई संस्थागत हुन नदिन र प्रदेशलाई असफल बनाउन संघीय सरकार नै लागिपरेको छ। यसमा सबै ठूला दलका शीर्ष नेताहरु एकमत नै देखिन्छन्। ठूला दलहरुमा रहेका संघीयता पक्षधर नेताहरुको आवाज सुनिदैन। संघीयतालाई संस्थागत गर्न प्रयाप्त अधिकार चाहिन्छ। संघीयताको पक्षधर बताउने नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले समेत संघीयतालाई संस्थागत गर्न इच्छुक नरहेको प्रष्ट छ। उनी पटक पटक प्रधानमन्त्री भए पनि प्रदेशलाई अधिकार दिन उदारता देखाएन। संघीयता देशमा असफल भए अब राजतन्त्र फर्किने सम्भावनालाई कमजोर आकलन गर्न सकिदैन। देशमा राजतन्त्रको पक्षमा उठेको आवाज प्रदेश प्रतिको आक्रोश होइन। संघीय सरकारमा भइरहेको गडबडीले नागरिकमा उत्पन्न भएको बितृष्णाको परिणाम नै काठमाण्डुमा हजारौं मानिस राजाको पक्षमा देखिएका हुन्। कांग्रेस भित्र नेता विमलेन्द्र निधिले संघीयताको पक्षमा निरन्तर आवाज उठाउने गरे पनि त्यो प्रभावकारी हुन सकेको छैन। नेपालमा संघीयता विरोधी गतिविधिलाई कमजोर बनाउन प्रदेश सरकारलाई संस्थागत र अधिकार सम्पन्न बनाउन आवश्यक छ। संघीयता मधेशीका लागि मात्र होइन, हरेक नेपालीका लागि आवश्यक छ। संघीयताले बिभिन्न अवसर सृजना गरी त्यसमा समानुपातिक, समावेशी प्रतिनिधित्व हुनेछ।

# रूपान्तरणको व्यग्र पर्खाइमा स्वतन्त्र विद्यार्थी युनियन

डा. बलराम तिमल्सिना

भर्खरै त्रिभुवन विश्वविद्यालयका आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसहरूमा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन सम्पन्न भयो। कतिपय क्याम्पसमा पदाधिकारीहरू निर्विरोध रूपमा छनोट भइसकेका छन् भने प्रतिस्पर्धा भएका क्याम्पसका पनि धमाधम परिणाम आइरहेको छ।

यो परिणाम सुन्दै गर्दा मेरो क्याम्पस जीवनको सम्झना आयो। म २०४१ सालमा पाटन बहुमुखी क्याम्पसमा भर्ना भएको। त्यसै वर्ष स्ववियुको निर्वाचन रहेछ। म पनि निर्वाचनमा उमेदवार भएँ। हाम्रो प्रतिस्पर्धा अत्यन्त मित्रवत् हुन्थ्यो। अखिल र नेविसंघमध्ये एक पक्षले जित्थ्यो। सौहार्दपूर्ण रूपमा निर्वाचन हुन्थ्यो, सबै बसेर मत गन्थ्यौं र विजयीलाई अबिर माला लगाएर बधाई दिँदै छुटिन्थ्यौं।

यस लेखमा अहिलेको उच्च शिक्षाको अवस्था छोटो रूपमा प्रस्तुत गर्दै म क्याम्पस पढ्दाको स्ववियु र अहिलेको स्ववियुको बारेमा चर्चा गर्नेछु। अहिलेको स्ववियुलाई विद्यार्थीको सही प्रतिनिधि संस्था बनाउन के कसरी रूपान्तरण गर्न सकिन्छ ? त्यसबारे पनि केही छलफल गर्नेछु।

### उच्च शिक्षाको अवस्था कस्तो छ ?

विश्वविद्यालय अनुदान आयोगको २०८०/८१ को तथ्याङ्क अनुसार, विश्वविद्यालय र चिकित्सा शिक्षा प्रतिष्ठान गरी जम्मा २४ वटा छन्। यसमध्ये १७ वटा पूर्ण विश्वविद्यालय हुन्, जसअन्तर्गत उच्च शिक्षा प्रदायक संस्था जम्मा एक हजार ४४२ छन्। तीमध्ये एक हजार ११५ क्याम्पस त्रिभुवन विश्वविद्यालय अन्तर्गत पर्छन्। एक हजार ४४२ मा मात्र ५० क्याम्पसमा दुई हजारभन्दा बढी विद्यार्थी भर्ना भएका छन् भने ५०५ क्याम्पसमा १०० भन्दा कम विद्यार्थी छन्।

उच्च शिक्षामा हाल जम्मा ६ लाख ६१ हजार १२६ विद्यार्थी अध्ययनरत छन्। त्रिभुवन विश्वविद्यालयमा मात्र ७७.६१ प्रतिशत विद्यार्थी भर्ना भएका छन्। सन् २०१७ मा यो सङ्ख्या तीन लाख ७१ हजार १८४ थियो। यसले के देखाउँछ भने उच्च शिक्षामा युवाको आकर्षण बढेको छ। साथै कक्षा १२ पास गर्नेबित्तिकै सबै विद्यार्थी विदेश जान्छन् भन्ने भाष्य पनि गलत देखिन्छ।

त्रिभुवन विश्वविद्यालयको विद्यार्थी उत्तीर्ण दर ३०.१ प्रतिशत मात्र छ। नेपाल संस्कृत, पोखरा र सुदूरपश्चिम विश्वविद्यालयको उत्तीर्ण दर क्रमशः ३०.१ प्रतिशत, ४५ प्रतिशत र ४०.१ प्रतिशत छ। काठमाडौं विश्व विद्यालयको भने ९० प्रतिशत छ। ७७.६१ प्रतिशत विद्यार्थी अध्ययन गर्ने विश्वविद्यालयको उत्तीर्ण दर ३०.१ प्रतिशत हुनु भनेको करिब दुई तिहाइ विद्यार्थी समयमा तह उत्तीण गर्न असमर्थ छन्। यसको परिणाम समय र अर्थ खेर गइरहेको छ।

आर्थिक अवस्था कमजोर भएका आम नागरिकको पहुँच आङ्गिक र सामुदायिक क्याम्पसमा छ, जहाँ ७० प्रतिशत विद्यार्थी अध्ययन गर्छन्। बाँकी ३० प्रतिशत निजी क्याम्पसमा भर्ना भएका छन्। चार वर्षको स्नातक तह अभिभावकले आर्थिक रूपमा धान्न गाह्रो छ। विद्यार्थी कमाउँदै पढ्न खोज्ने तर रोजगारी नपाइने कारणले बिचमै पढाइ छाडेर सहर-बजार पस्ने र बिदेसिने दर बढ्दो छ।

स्नातक उत्तीर्णहरूमा आधारभूत सीपको कमी नेपालमा मात्रै होइन अन्य देशहरूको पनि समस्या भएको छ। सामाजिक, सांस्कृतिक, पारिवारिक र समाजको मूल्य-मान्यता, नैतिकता, परिश्रम गर्ने बानी, श्रमलाई सम्मान गर्ने प्रवृत्ति, सकारात्मक सोचको विकासमा ह्रास आएको विभिन्न अन्तर्राष्ट्रिय अनुसन्धानले देखाएका छन्।

नेपालमा भएका २०३६, २०४६ वा २०६२/०६३ का सबै जनआन्दोलन विद्यार्थी सङ्गठन वा स्ववियुका नेताहरूले नै हाँकेका थिए। जनताको विश्वास र भरोसा विद्यार्थी नेताहरूमा थियो। अब यस्ता आन्दोलनको आवश्यकता छैन। अबको स्ववियुले विश्वविद्यालय शिक्षा सुधारका लागि शैक्षिक र प्राज्ञिक आन्दोलनको नेतृत्व गनुपर्छ त्यो पनि भद्र, शालीन र सौम्य भएर।

### कस्तो थियो ऊबेला स्ववियु ?

चुनावी प्रतिस्पर्धामा विद्यार्थी सङ्गठनको प्रतिनिधिका रूपमा भाग लिए पनि विजयी भइसकेपछि पदाधिकारीहरू सम्पूर्ण विद्यार्थीका नेता बन्थे। विद्यार्थी भर्ना होस् वा छात्रवृत्तिमा सिफारिस गर्दा, अतिरिक्त क्रियाकलापमा भाग लिने विद्यार्थी छनोट गर्दा होस् वा स्ववियुले सञ्चालन गर्ने विभिन्न शैक्षिक तथा प्राज्ञिक कार्यक्रमहरूमा भाग लिने विषयमा होस् – सम्पूर्ण विद्यार्थीलाई समान व्यवहार गर्दथ्यो स्ववियुले। मेरो सङ्गठन वा अर्काको सङ्गठनको सदस्य भनेर पक्षपात हुँदैनथ्यो त्यसबेला।

शैक्षिक समस्या वा आमूल परिवर्तनको मुद्दालाई लिएर राष्ट्रिय रूपमै सम्पूर्ण विद्यार्थी सङ्गठन घोषित रूपमा आन्दोलनमा उत्रिँदा क्याम्पस बन्द गरिन्थे तर अहिलेजस्तो सङ्गठनहरू बिचमा हुने सानातिना झगडामा पनि क्याम्पसमा तालाबन्दी गर्ने, क्याम्पस प्रमुखलाई कार्यकक्षमा थुन्ने वा प्राध्यापक कुट्ने गरेको पटक्कै देख्न पाइँदैनथ्यो त्यसबेला।

मलाई सम्झना छ, २०४२ सालमा सरकारको निरङ्कुशता विरुद्ध नेपाली कांग्रेसले सत्याग्रह सुरु गर्‍यो भने पाँच वामपन्थी दल मिलेर छुट्टै आन्दोलन थाले। त्यसबेला भारतले नेपालमा विषाक्त दुध पठायो र सरकारले स्विकार्‍यो। त्यसको विरुद्धमा हामी विद्यार्थी पनि आन्दोलनमा होमिएका थियौं।

त्यत्रो ठुलो आन्दोलनमा पनि हामीले क्याम्पस बन्द गरेनौं र सार्वजनिक सम्पत्ति हानि-नोक्सानी पनि गरेनौं। हामी विद्यार्थी सङ्गठनका प्रतिनिधि कक्षाहरूमा पढाउँदै गरेका प्राध्यापकसँग पाँच मिनेटको समय शालीन रूपमा माग्थ्यौं अनि सरकारले गरेको अन्याय, अत्याचार र भारतको हेपाह प्रवृत्तिका बारेमा बोल्थ्यौं र आन्दोलनमा भाग लिन विद्यार्थी साथीहरूलाई आह्वान गर्थ्यौं र बाहिरिन्थ्यौं।

कतिपय पञ्चायतका कट्टर समर्थक प्राध्यापकहरूले पनि हामीलाई समय दिनुहुन्थ्यो, हामी अनुशासित रूपमा 'हस्' भनेर हिँड्न खोज्थ्यौं तर प्राध्यापकले हुन्न भन्दा भन्दै पनि कक्षाका विद्यार्थी हामी १० मिनेट उहाँको कुरा सुन्छौं समय दिनुस् सर भन्थ्यौं र हामी आन्दोलनका कुरा राख्थ्यौं।

विद्यार्थी सङ्गठनको प्रथम प्राथमिकता समग्र विद्यार्थीको पठनपाठनमा हुन्थ्यो। हामी विद्यार्थी नेताहरू पनि पढाइमा अब्बल थियौं। त्यसैले क्याम्पस प्रशासन, प्राध्यापक सबैले नेताहरूलाई सम्मान, माया र श्रद्धा गर्थे। अत्यन्त संवेदनशील अवस्थामा बाहेक क्याम्पसमा ताला लगाएको मलाई याद छैन।

त्यसबेला पनि स्ववियुमा उम्मेदवार हुनेहरू विभिन्न सङ्गठनका नेता नै हुन् तर उनीहरू पढाइमा अब्बल हुन्थे र नियमित विद्यार्थी हुन्थे। अपवादमा दशौं वर्ष एकै तह र एउटै क्याम्पसमा राजनीति गरिरहनेहरू नभएका होइनन् तर ती ज्यादै न्यून थिए।

विद्यार्थी नेताहरूको जीवनस्तर सादगी थियो। उनीहरू शालीन र सौम्य थिए। स्ववियुले कहिल्यै पनि क्याम्पसको प्रशासनिक कार्य, कर्मचारी नियुक्ति, सरुवा-बढुवामा हस्तक्षेप गर्दैनथ्यो। अझ भौतिक निर्माणका ठेक्का-पट्टा, क्याम्पसको खरिद प्रक्रिया आदिमा कहिल्यै चासो समेत राख्दैनथ्यो। स्ववियुमा भ्रष्टाचारको कुरा त सुनेकै थिएनौं हामीले। क्याम्पसको पठनपाठनमा अवरोध गर्ने केही व्यक्ति आफ्नै सङ्गठनको भए पनि स्ववियुले कारबाही गरेका उदाहरण भेटिन्थे, त्यसबेला।

फर्जी विद्यार्थी भन्ने त हामीले सुनेकै थिएनौं। केही साथीहरू क्याम्पस भर्ना भएपछि लोकसेवा पास गरेर वा शिक्षकमा नियुक्ति भएर जिल्ला जाने गरेको र बिदाको समयमा क्याम्पस आउने र नियमित परीक्षा दिन भने पाइन्थ्यो। स्ववियु चुनावकै लागि भनेर भर्ना गर्ने तर पढ्न पनि नजाने र परीक्षा पनि नदिने झुन्ड त्यसबेला छँदै थिएन।

### अहिले कस्तो छ त स्ववियु ?

अहिलेको स्ववियु वा विद्यार्थी सङ्गठन आफैं अध्ययन गर्ने क्याम्पस महिनौं ताला लगाउँछ। एकपछि अर्को ताला झुन्डिएको देखिन्छ क्याम्पसको मूल ढोकामा। स्ववियु र विद्यार्थी सङ्गठनको प्रतिस्पर्धा त क्याम्पस बन्द गर्नेमा छ अहिले। आफैँलाई पढाउने गुरुहरूलाई कुट्ने, कालोमोसो दल्ने, सामाजिक सञ्जालमा अनेकौं गाली-गलौज गर्ने स्ववियु वा विद्यार्थी सङ्गठनको संवैधानिक हकजस्तो भएको छ।

स्वतन्त्र विद्यार्थी युनियन क्याम्पसको पठनपाठनको नियमितता गराउने, गुणस्तर अभिवृद्धि गर्ने, विद्यार्थीको ज्ञान-सीपको अभिवृद्धि हुने क्रियाकलापमा पटक्कै ध्यान दिँदैनन्। उनीहरूको ध्यान क्याम्पसमा नियुक्ति हुने कर्मचारी र प्राध्यापकमा भागबन्डा, जिल्ला-जिल्लामा मापदण्ड नपुगी खुलेका क्याम्पसको सम्बन्धन दिन लबिङ, क्याम्पसको शैक्षिक विकासमा गरिने भौतिक कामको ठेक्कापट्टामा भाग खोज्ने वा कमिसन लिनेतिर बढी गएको पाइन्छ।

विडम्बनाको कुरा त अनैतिक क्रियाकलापमा संलग्न हुने, प्रहरीको कालो लिस्टमा पर्ने, गुन्डाका नाइके हुने आदि त विद्यार्थी नेताको चरित्र नै हो कि जस्तो भएको छ। विद्यार्थीको हकहितका लागि अन्य देशका विश्वविद्यालयमा पनि नाम जेसुकै भए पनि विद्यार्थीको प्रतिनिधिमूलक संस्था हुन्छ। २०५३ सालमा बेलायतको लिड्स विश्वविद्यालयमा म समेत नेपाली चारजना स्नातकोत्तर पढ्दै थियौं। त्यसै वर्ष विश्वविद्यालयमा विद्यार्थी कल्याण परिषद्को (स्ववियु) निर्वाचन रहेछ। निवार्चनका लागि उम्मेदवार दिने दिन नजिकिँदै गर्दा त्यहाँ न केही हल्लाखल्ला थियो न टिकटको हानथाप, न फर्जी विद्यार्थीको पिर न त कुनै बन्द वा तालाबन्दी नै।

उम्मेदवारी दिने समय आयो। सबैजसो विद्यार्थी भेला भयौं, छलफल गर्‍यौं र तहगत र सङ्कायगत प्रतिनिधित्व तथा लैङ्गिक र समावेशिता समेतलाई उम्मेदवार छनोटको मापदण्ड निर्धारण गर्‍यौं।

हामी चारजना नेपालीमध्ये एकजना साथीलाई उम्मेदवार बन्न सबै जसोको अनुरोध भयो। त्यहाँ हाम्रो न कुनै सङ्गठन थियो न त क्यापसमा हामीले कुनै सङ्गठनसँग निकटता कायम गरेका थियौं।

थियौं त हामी पढाइमा अब्बल थियौं। प्रत्येक सेमेस्टर उत्कृष्ट अङ्कसहित उत्तीर्ण गरेका थियौं र विश्वविद्यालयमा नियमित उपस्थित हुन्थ्यौं। यी सबै कुरा नजिकबाट नियालिरहेका अरु विद्यार्थी साथीले हामीलाई प्रतिनिधि बनाउन चाहे र हामीविना सङ्गठनको सदस्य, विनाटिकट स्ववियु पदाधिकारी हुन सक्षम भयौं।

बेलायतमा पनि त लेबर, टोरी, लिबरल डेमोक्र्याट लगायत दलहरू छन् र ती दलप्रति झुकाव राख्ने विद्यार्थी पनि छन्। तर विद्यार्थीको निर्वाचनमा न ती दलले हस्तक्षेप गरेको पाइयो न त विद्यार्थीले नै म यो दलको उम्मेदवार भनेको सुनियो।

के हामी यस्तै किसिमको स्वतन्त्र, स्वभामानी र शैक्षिक तथा प्राज्ञिक क्षेत्रमा मात्र समर्पित भई विद्यार्थी हकहितका लागि मात्र लड्ने स्वतन्त्र विद्यार्थी युनियन बनाउन सक्दैनौं। मलाई लाग्छ यदि राजनीतिक दलले विद्यार्थी माथि राजनीति नगर्ने हो भने सकिन्छ।

### अब रूपान्तरण हुने कसरी ?

सायद विद्यार्थी सङ्गठन र स्ववियुलाई समेत महसुस भएर होला केही क्याम्पसमा रचनात्मक कार्यक्रमहरू हुन थालेका छन्। उदाहरणका लागि मीनभवन क्यापसमा नेविसंघले सफलतापूर्वक सम्पन्न गरेको अतिरिक्त क्रियाकलाप, नेविसंघ केन्द्रले आयोजना गरेको जय नेपाल कप क्रिकेट प्रतियोगिता, अखिलले गरेका विभिन्न शैक्षिक बहसहरू तथा अतिरिक्त क्रियाकलाप आदि कार्यक्रम प्रशंसनीय छन् तर यी मात्र पर्याप्त होइनन्।

स्ववियुको अहिलेको प्रमुख सरोकार भनेको विश्वविद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि नै हो। शैक्षिक हकको सुनिश्चितता, प्राध्यापकको पेसागत विकास, पाठ्यक्रममा समयानुकूल सुधार, पठनपाठनमा नियमितता, पुस्तकालय प्रयोगशाला आदिको स्तरोन्नतितर्फ अहिलेका विद्यार्थी नेताको ध्यान जानु जरुरी छ। अनि मात्र विश्वमा प्रतिस्पर्धा गर्न सक्ने नागरिक उत्पादन हुन्छन् हाम्रा विश्वविद्यालयबाट।

मैले देखेको छु, उपप्राध्यापक भएकै दिनबाट राजनीतिक नियुक्ति लिने, विभिन्न संस्थाको परामर्शदाता हुने र विश्वविद्यालय टेक्दै नटेकी प्राध्यापकसम्म बढुवा भएर डिन वा रजिस्ट्रार वा उपकुलपतिको नियुक्ति लिएर विश्वविद्यालय भित्रिएका छन् केही पात्रहरू।

हो, राजनीतिक दलले गरेका यस्ता हर्कतको जमेर विरोध गर। यस्ता पात्रहरू नियुक्ति लिएर आए भने पदको कुर्सीमा बस्न त के विश्वविद्यालयको आँगनमा पनि टेक्न नदेउ। तर हामीकहाँ फरक छ – यस्ता व्यक्ति वामपन्थी भए अखिल चुप, प्रजातन्त्रवादी भए नेविसंघ चुप ! यस्तो प्रवृत्तिलाई त्याग र निष्पक्ष बन।

शैक्षिक प्रशासनमा अनियमितता भयो, परीक्षा समयमा भएन, परिणाम प्रकाशनमा ढिलाइ भयो भने प्रश्न गर, चिच्याउ तर कसैप्रति घृणा नफैलाउ। यति गर्दा पनि सुनेनन् भने भद्र अवज्ञा आन्दोलन गर तर क्यम्पस बन्द नगर र पढाइ नबिथोल।

विश्वविद्यालयको आफ्नै सम्पत्ति तोडफोड नगर, शिक्षकलाई पिट्ने र कालोमोसो दल्ने काम नगर। क्याम्पसको चौरमा शालीन र सौम्य भएर अनशन बस। त्यसबेला क्याम्पस प्रशासन मात्र होइन तिमीसँग सरकार झुक्छ। सम्झ त कुनै बेला गोविन्द केसी एक्लैले सरकारलाई कतिपटक झुकाए।

स्ववियु मातृ पार्टीहरूका लागि आन्दोलनमा लागिदिने र उनीहरूको निर्देशनमा क्याम्पसमा अवाञ्छित गतिविधि गर्ने होइन कि विद्यार्थीको हकहित र शैक्षिक सुधारमा लाग्नु जरुरी छ। अन्यथा विद्यार्थी र आमनागरिक माझ खस्किएको स्ववियुको साख झन्झन् गिर्ने कुरामा दुईमत छैन।

भनिन्छ विद्या र विनयशीलता सँगसँगै आर्जन गरिन्छ। अर्थात् जसले विद्या आर्जन गरेको हुन्छ, ऊ विनयशील हुन्छ तर आजकल यो भनाइ उल्टो जस्तो लाग्न थाल्यो। सामान्य साक्षर नागरिक सौम्य र शालीन छन् तर क्याम्पस पढ्छु र नेता हुँ भन्नेहरू अराजक, अनियन्त्रित र छाडा छन्। महेन्द्र मोरङ, थापाथली, सुर्खेत क्याम्पस लगायत धेरै क्यापसमा कतै नेविसंघले कतै अखिलले तोडफोड र आगजनी गरे। त्यो पनि तिनै क्यापसमा पढ्ने विद्यार्थीहरू र स्ववियु पदाधिकारीको संलग्नतामा।

अबको स्ववियु पदाधिकारीले यस्ता अवाञ्छित क्रियाकलाप किन हुन्छ, कसले गर्छ र कसरी नियन्त्रण गर्न सकिन्छ खोजी गर्ने र त्यस्ता क्रियाकलापको निराकरणमा विश्वविद्यालय, क्याम्पस प्रशासन र गृह प्रशासनसँग समन्वय र सहकार्य गर्नु जरुरी छ।

### अन्त्यमा

विद्यार्थी सङ्गठन र स्ववियु गुणस्तरीय शिक्षाका संवाहक बन्नुपर्छ। विश्वविद्यालयको नीति, योजना र कार्यक्रम बनाउन नवीनतम् सोचको उत्पादक हुनुपर्छ स्ववियु।

नेपालमा भएका २०३६, २०४६ वा २०६२/०६३ का सबै जनआन्दोलन विद्यार्थी सङ्गठन वा स्ववियुका नेताहरूले नै हाँकेका थिए। जनताको विश्वास र भरोसा विद्यार्थी नेताहरूमा थियो। अब यस्ता आन्दोलनको आवश्यकता छैन। अबको स्ववियुले विश्वविद्यालय शिक्षा सुधारका लागि शैक्षिक र प्राज्ञिक आन्दोलनको नेतृत्व गनुपर्छ त्यो पनि भद्र, शालीन र सौम्य भएर। वास्तवमा स्ववियु समग्र विश्वविद्यालयको रूपान्तरण प्रक्रियाको सारथी बन्नु अत्यावश्यक छ। अनि मात्र विद्यार्थी सङ्गठन र स्ववियुको औचित्य आम विद्यार्थी माझ पुष्टि हुन्छ।

आजको स्ववियुले शैक्षिक सुधार, सामाजिक रूपान्तरण र जलवायु परिवर्तनका मुद्दाहरू उठाउने र क्याम्पस भित्रका यावत् बेथितिविरुद्ध आवाज बुलुन्द पार्दै समग्र शैक्षिक र प्राज्ञिक वातावरण सङ्लो बनाउन नेतृत्वदायि भूमिका खेल्नुपर्छ।

त्यसैले स्ववियुका नवनिर्वाचित पदाधिकारी भाइबहिनीहरू हो ! बदल विचार, दृष्टिकोण र कार्यशैली अनि सुधार तिम्रो बोली, व्यवहार र व्यक्तित्व। तिम्रै कारणले विश्वविद्यालयको समग्र गुणस्तरमा सुधार आउँछ र तिमीले अङ्गिकार गरेको नीति, योजना, कार्यक्रम र कार्यशैली भावी स्ववियु पदाधिकारीका लागि मानक बन्नेछ र तिमी उदाहरणीय विद्यार्थी नेता बन्नेछौ। रातोपाटी

> स्ववियुका नवनिर्वाचित पदाधिकारी भाइबहिनीहरू हो ! बदल विचार, दृष्टिकोण र कार्यशैली अनि सुधार तिम्रो बोली, व्यवहार र व्यक्तित्व। तिम्रै कारणले विश्वविद्यालयको समग्र गुणस्तरमा सुधार आउँछ र तिमीले अङ्गिकार गरेको नीति, योजना, कार्यक्रम र कार्यशैली भावी स्ववियु पदाधिकारीका लागि मानक बन्नेछ र तिमी उदाहरणीय विद्यार्थी नेता बन्नेछौ।

# शिक्षक आन्दोलन किन ?

एमपी यादव

नेपाल शिक्षक महासंघको नेतृत्वमा भइरहेको आन्दोलनले देशको शिक्षा क्षेत्रमा लामो समयदेखि जरा गाडेर बसेका समस्यालाई सतहमा ल्याएको छ। यो आन्दोलन शिक्षकहरूको पेसागत सम्मान, अधिकार र सुविधाको मागमा केन्द्रित भए पनि यसको प्रभाव समग्र शैक्षिक प्रणाली र समाजमा पर्नेछ। शिक्षकहरू, जो राष्ट्रको भविष्य निर्माता हुन्, उनीहरूको यो आन्दोलनले सरकारलाई गम्भीर प्रश्न सोध्न बाध्य बनाएको छ। शिक्षकको सम्मान र सुविधाविना कसरी गुणस्तरीय शिक्षा सम्भव छ ? यो आन्दोलन केवल शिक्षकहरूको मागमा सीमित छैन, यो देशको शैक्षिक भविष्य र सामाजिक न्यायसँग जोडिएको एउटा महत्त्वपूर्ण मुद्दा हो।

### आन्दोलनको पृष्ठभूमि र कारण

नेपाल शिक्षक महासंघ देशभरका शिक्षकहरूको प्रतिनिधित्व गर्ने सबैभन्दा ठुलो संगठन हो। यो संगठनले विगतदेखि नै शिक्षकहरूको हकहित र शिक्षा क्षेत्रको सुधारका लागि आवाज उठाउँदै आएको छ। हालैको आन्दोलन भने शिक्षकहरूको वर्षौंदेखिको असन्तुष्टिको परिणाम हो।

शिक्षकहरूले न्यून तलब, अस्थायी रोजगारीको असुरक्षा, पेसागत सम्मानको अभाव र विद्यालयमा उचित सुविधाको कमीजस्ता समस्या भोग्दै आएका छन्। विशेषगरी ग्रामीण क्षेत्रका शिक्षकहरूको अवस्था दयनीय छ। उनीहरूले न्यूनतम सुविधा पनि नपाएको गुनासो बारम्बार सुनिन्छ।

महासंघले सरकारसँग राखेका मागहरूमा शिक्षकको तलबभत्ता निजामती कर्मचारीको स्तरमा पुर्‍याउने, अस्थायी शिक्षकहरूलाई स्थायी गर्ने, विद्यालय कर्मचारीको जिम्मेवारी सुनिश्चित गर्ने र शिक्षक दरबन्दीको उचित व्यवस्थापन गर्नेजस्ता बुँदाहरू समावेश छन्। यी माग नयाँ होइनन्। सरकारले विगतमा शिक्षकसँग पटक-पटक सम्झौता गरेको थियो, तर ती सम्झौता कार्यान्वयनमा ढिलाइ भएको छ। अस्थायी शिक्षकहरूलाई स्थायी गर्ने प्रक्रिया वर्षौंदेखि अल्झिएको छ र तलब-भत्ता वृद्धिको कुरा पनि कागजमै सीमित छ। यस्तो उदासीनताले शिक्षकहरूको धैर्यको बाँध टुटेको छ र उनीहरू सडकमा उत्रिएका छन्। यो आन्दोलनले शिक्षकहरूको पीडालाई मात्र होइन, शिक्षा क्षेत्रको अव्यवस्थालाई पनि उजागर गरेको छ।

शिक्षकहरू, जो राष्ट्रको भविष्य निर्माता हुन्, उनीहरूको यो आन्दोलनले सरकारलाई गम्भीर प्रश्न सोध्न बाध्य बनाएको छ। शिक्षकको सम्मान र सुविधाविना कसरी गुणस्तरीय शिक्षा सम्भव छ ?

मागहरूको महत्त्व र औचित्य

शिक्षक महासंघले उठाएका मागहरूले शिक्षकको जीवनस्तर र शैक्षिक सुधार दुवैलाई सम्बोधन गर्छन्। पहिलो, तलब-भत्ता निजामती कर्मचारीको स्तरमा पुर्‍याउनुपर्ने मागले शिक्षकहरूलाई अन्य सरकारी कर्मचारीहरूसँग समान हैसियत दिन्छ। आजको महँगीमा शिक्षकको हालको तलबले आधारभूत आवश्यकता पूरा गर्न पनि गाह्रो छ। शिक्षकहरूलाई सम्मानजनक जीवनयापनको ग्यारेन्टी नहुँदा उनीहरूको ध्यान शिक्षणभन्दा अन्यत्र जान्छ।

दोस्रो, अस्थायी शिक्षकहरूलाई स्थायी गर्नुपर्ने मागले लामो समयदेखि सेवा गरेका शिक्षकमाथिको अन्याय हटाउँछ। देशभर हजारौं शिक्षक अस्थायी रूपमा काम गरिरहेका छन् र उनीहरूको भविष्य अनिश्चित छ। यो अवस्थाले उनीहरूको पेसागत सुरक्षा र मनोबलमा ठुलो असर परेको छ।

तेस्रो, विद्यालय कर्मचारीको व्यवस्थाले शिक्षकहरूलाई प्रशासनिक बोझबाट मुक्त गर्छ। अहिले धेरै शिक्षकले शिक्षणबाहेक लेखापढी, सफाइ र अन्य गैरशैक्षिक काम गर्नुपर्छ, जसले उनीहरूको अध्यापनमा खर्चिनुपर्ने समय खेर जान्छ।

शिक्षक महासंघसँग भएको सम्झौता लागु भएमा शिक्षकहरूको मनोबल बढ्नेछ र कक्षाकोठामा उनीहरूको प्रदर्शन सुध्रिनेछ। शिक्षकहरूले सुरक्षित र सम्मानित महसुस गरेमा उनीहरूले विद्यार्थीलाई अझ राम्रोसँग सिकाउन सक्छन्। यो आन्दोलनले शिक्षकको पेसालाई सम्मानित बनाउन र शिक्षा क्षेत्रमा सुधारको आधार तयार गर्न सक्छ। शिक्षकहरूले सम्मान र सुविधा पाउनु भनेको देशको शैक्षिक गुणस्तरमा लगानी गर्नु हो।

### सामाजिक र शैक्षिक प्रभाव

शिक्षकहरूको यो आन्दोलन केवल उनीहरूको व्यक्तिगत हितमा सीमित छैन, यसले समग्र समाज र शिक्षा क्षेत्रमा गहिरो प्रभाव पार्छ। शिक्षकहरूले सम्मान र सुविधा नपाउँदा उनीहरूको ध्यान शिक्षणभन्दा जीविकोपार्जनमा केन्द्रित हुन्छ। यो अवस्थाले विद्यार्थीको सिकाइ स्तर खस्काउँछ। जब विद्यार्थीले गुणस्तरीय शिक्षा पाउँदैनन्, देशको मानव संसाधन कमजोर बन्छ। शिक्षकहरूको सुधारिएको अवस्थाले कक्षाकोठामा सकारात्मक वातावरण सिर्जना गर्छ, जसले विद्यार्थीको शैक्षिक उपलब्धि र आत्मविश्वास बढाउँछ।

यो आन्दोलनले समाजमा शिक्षकको भूमिकालाई पुनः परिभाषित गर्न पनि मद्दत गर्छ। अहिले पनि धेरै ठाउँमा शिक्षकहरूलाई कम आँकिन्छ। शिक्षकहरूलाई सम्मान र सुविधा नदिँदा उनीहरूको पेसागत सम्मानमा आघात पुग्छ। जब शिक्षकहरूले सम्मान र सुविधा पाउँछन्, समाजले पनि उनीहरूलाई उच्च स्थानमा राख्न थाल्छ। यो परिवर्तनले शिक्षण पेसालाई आकर्षक बनाउँछ। भविष्यमा थप योग्य र प्रतिबद्ध व्यक्तिहरू यो पेसामा आउनेछन्, जसले शिक्षा क्षेत्रको स्तर उकास्नेछ। साथै यो आन्दोलनले अभिभावक र विद्यार्थीलाई पनि शिक्षकको महत्त्व बुझ्न प्रेरित गर्छ।

महासंघले सरकारसँग राखेका मागहरूमा शिक्षकको तलबभत्ता निजामती कर्मचारीको स्तरमा पुर्‍याउने, अस्थायी शिक्षकहरूलाई स्थायी गर्ने, विद्यालय कर्मचारीको जिम्मेवारी सुनिश्चित गर्ने र शिक्षक दरबन्दीको उचित व्यवस्थापन गर्नेजस्ता बुँदाहरू समावेश छन्।

### सरकारको जिम्मेवारी र अपेक्षा

सरकारले शिक्षकहरूको मागलाई गम्भीरतापूर्वक लिएर तत्काल वार्ता गर्नुपर्छ। विगतका सम्झौतालाई कार्यान्वयन गर्न ढिलाइ गर्नुको सट्टा ठोस कदम चाल्नुपर्छ। तलबभत्ता वृद्धि, अस्थायी शिक्षकको स्थायीकरण, विद्यालय कर्मचारीको व्यवस्थापन र विद्यालय शिक्षा ऐन पारितजस्ता मुद्दाहरूमा तुरुन्त समाधान खोजिनुपर्छ। शिक्षक दरबन्दीको उचित वितरण र शिक्षण सुधारका लागि दीर्घकालीन नीति बनाउनुपर्छ ।

सरकारले यो आन्दोलनलाई दबाउन खोज्नुको सट्टा अवसरको रूपमा लिनुपर्छ। शिक्षकहरूको माग सम्बोधन गर्नु भनेको शिक्षा क्षेत्रमा सुधारको सुरुवात गर्नु हो। सरकारले यो मौका गुमायो भने यसको मूल्य भावी पुस्ताले चुकाउनुपर्नेछ। शिक्षकहरूको सम्मान र सुविधा सुनिश्चित गर्न बजेट र नीतिगत प्रतिबद्धता आवश्यक छ। सरकारले शिक्षकहरूसँग सहकार्य गरेर समाधान खोज्नुपर्छ, जसले शिक्षक र विद्यार्थी दुवैको हित गर्छ।

### समाजको भूमिका र सहभागिता

शिक्षकहरूको यो आन्दोलनमा समाजको सहभागिता उत्तिकै महत्त्वपूर्ण छ। अभिभावक, विद्यार्थी र नागरिक समाजले शिक्षकहरूको मागलाई समर्थन गर्नुपर्छ। शिक्षकहरूको सुधारले हाम्रा सन्तानको भविष्यमा प्रत्यक्ष प्रभाव पार्छ। यो केवल शिक्षकहरूको लडाइँ होइन, यो हामी सबैको साझा मुद्दा हो। सामाजिक सञ्जाल, सभा र अन्य माध्यमबाट यो आन्दोलनलाई बलियो बनाउन सकिन्छ। जब समाज एकजुट हुन्छ, सरकारमाथि दबाब बढ्छ र समाधानको बाटो खुल्छ।

अभिभावकहरूले आफ्ना छोराछोरीका शिक्षकहरूको मागप्रति संवेदनशील हुनुपर्छ। विद्यार्थीले पनि यो आन्दोलनलाई बुझेर शिक्षकहरूसँग ऐक्यबद्धता जनाउन सक्छन्। नागरिक समाजले सरकार र शिक्षकहरूबिच मध्यस्थताको भूमिका खेल्न सक्छ। यो आन्दोलनलाई सफल बनाउन सबैको सहयोग आवश्यक छ। शिक्षकहरू एक्लै लडिरहँदा समाज चुप लागेर बस्नु उचित होइन।

### निष्कर्ष

नेपाल शिक्षक महासंघको यो आन्दोलन शिक्षकहरूको सम्मान, अधिकार र शिक्षा क्षेत्रको सुधारका लागि एउटा महत्त्वपूर्ण कदम हो। यो आन्दोलनले शिक्षकहरूको पेसागत सम्मान र सुविधालाई मात्र होइन, देशको शैक्षिक भविष्यलाई पनि बलियो बनाउनेछ। सरकार र समाज दुवैले यो आन्दोलनलाई सकारात्मक रूपमा लिई शिक्षकहरूको माग सम्बोधन गर्नुपर्छ। शिक्षकहरूको सम्मान र सुविधा सुनिश्चित गर्नु भनेको देशको भविष्यमा लगानी गर्नु हो। यो आन्दोलनले शिक्षक र शिक्षा क्षेत्रमा नयाँ आशा र सम्भावनाको ढोका खोलोस् भन्ने अपेक्षा छ। शिक्षकहरूको यो संघर्षले देशको शिक्षा प्रणालीमा सकारात्मक परिवर्तन ल्याउनेछ र यो परिवर्तन हामी सबैको साझा विजय हुनेछ।(लेखक यादव नेपाल ट्रेड युनियन कांग्रेससँग आबद्ध छन्।)

# परराष्ट्रमन्त्रीद्वारा अमेरिकी राष्ट्रपति ट्रम्पका सुरक्षा निर्देशकसँग भेटवार्ता



काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका राष्ट्रिय सुरक्षा सहायक तथा दक्षिण र मध्य एसियाका लागि राष्ट्रिय सुरक्षा परिषद्का वरिष्ठ निर्देशक रिकी गिलसँग नयाँ दिल्लीमा मंगलबार भेटवार्ता गर्नुभएको छ ।

भारतको विदेश मन्त्रालयद्वारा नयाँ दिल्लीमा आयोजित 'राइसिना डायलग' कार्यक्रमका लागि त्यहाँ रहनुभएका उहाँहरुबीच मंगलबार 'साइडलाइन' भेटवार्ता भएको हो ।

सो भेटवार्ताका क्रममा नेपाल-अमेरिका सम्बन्धका विविध विषयमा छलफल भएको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ । सो अवसरमा मन्त्री डा राणाले हमासको नियन्त्रणमा रहेका नेपाली विद्यार्थी विपिन जोशीको रिहाइका लागि पहल गरिदिन अमेरिकी सरकारसँग आग्रह गर्नुभयो । विपिनको रिहाइका लागि पहल गरिदिन यसअघि पनि आफूले अमेरिकी सरकारसँग आग्रह गरेको स्मरण गराउँदै उनको अझैसम्म रिहाइ हुन नसकेकाले सहयोगको अपेक्षा गरेको बताउनुभयो ।

इजरायलमा अध्ययनरत नेपाली विद्यार्थी विपिनलाई सन् २०२३ को अक्टोबरमा हमासले इजरायली भूमिबाट अपहरण गरेर लगेका थिए । उनको रिहाइका लागि नेपाल सरकारले कूटनीतिक पहल जारी राखेको छ । विश्वका नेता एवं आफ्ना समकक्षीहरुसँगको भेटमा परराष्ट्रमन्त्री डा राणाले विपिन जोशीको रिहाइका लागि सहयोगको याचना गर्दै आउनुभएको छ ।

सो भेटवार्ताका क्रममा वरिष्ठ सुरक्षा निर्देशक रिकीले अमेरिकाले नेपाललाई दिँदैआएको आर्थिक सहयोगले निरन्तरता पाउने भनी आश्वस्त गराउनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

परराष्ट्रमन्त्री र मल्दोभाका उपप्रधानमन्त्रीबीच भेटवार्ता

'राइसिना डायलग'मा सहभागी हुने सिलसिलमा नयाँदिल्लीमा रहनुभएकी परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले मल्दोभाका उपप्रधान एवं विदेशमन्त्री मिहाइ पोपसोइसँग मंगलबार भेटवार्ता गर्नुभएको छ । भारतको विदेश मन्त्रालयले उक्त डाइलग आयोजना गरेको हो ।

भेटका क्रममा नेपाल मल्दोभा सम्बन्ध र आपसी हितका विविध विषयहरुमा कुराकानी भएको परराष्ट्रमन्त्री मन्त्रीको निजी सचिवालयले जनाएको छ । त्यस अवसरमा मन्त्री डा राणाले जलवायु परिवर्तनले नेपाललाई नराम्रोसँग असर गरिरहेको जानकारी दिँदै यस समस्यासँग जुध्न कसरी मिलेर काम गर्न सकिन्छ भन्ने बारेमा छलफल गर्नु भएको थियो ।

मन्त्री डा राणाले नेपाल सन् २०२६ पछि विकासोन्मुख राष्ट्रमा स्तरोन्नति हुन लागेको जानकारी दिँदै त्यसपछि नेपाललाई आवश्यक पर्ने बाह् सहयाताका बारेमा परामर्श गर्नुभएको थियो । नेपालले राष्ट्रसङ्घीय सुरक्षा परिषद्को अस्थायी सदस्यमा दिएको उम्मेदवारीका बारेमा जानकारी दिँदै त्यसमा मल्दोभाको सहयोगका लागि आग्रह पनि गर्नुभएको थियो ।

मन्त्री डा राणाले यसै हप्ता हुन लागेको विदेशमन्त्री मिहाइ पोपसोइको नेपाल भ्रमणबाट पनि दुई देशबीचको सम्बन्धलाई थप गतिशील बनाउन सहयोग पुग्ने धारणा राख्नुभएको थियो ।

**युक्रेनी सेनाको कब्जामा रहेका सात नेपालीलाई मुक्त गर्न माग**

परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र युक्रेनका विदेशमन्त्री एन्ड्री सिबिहाबीच नयाँ दिल्लीमा द्विपक्षीय भेटवार्ता भएको छ ।

भारतीय विदेश मन्त्रालयद्वारा आयोजित 'राइसिना डायलग' कार्यक्रममा सहभागी हुने क्रममा नयाँ दिल्लीमा रहनुभएका उहाँहरुबीच मंगलबार सो भेटवार्ता भएको हो । उक्त भेटघाटका क्रममा नेपाल-युक्रेन सम्बन्ध र आपसी हितका विविध विषयमा छलफल भएको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ ।

त्यस अवसरमा परराष्ट्रमन्त्री डा राणाले नेपाली नागरिक रसियाली सेनामा भर्ना हुन पाउने नीति नेपालको नरहेको स्पष्ट गर्दै युद्धबन्दीका रुपमा युक्रेनमा रहेका सातजना नेपालीलाई यथासक्य छिटो मुक्त गरिदिन अनुरोध गर्नुभयो ।
उहाँले मानव तस्करको फन्दामा परी नेपालको दुर्गम क्षेत्रबाट जबर्जस्ती रुसी सेनामा भर्ना भई कार्यरत रहेकै अवस्थामा हाल युक्रेनी सेनाको नियन्त्रणमा रहेका सात नेपालीको रिहाइका लागि युक्रेनी विदेशमन्त्रीमार्फत युक्रेन सरकारसँग आग्रह गर्नुभएको थियो ।

सो अवसरमा युक्रेनी विदेशमन्त्री सिबिहाले कानुनी प्रक्रिया पूरा गरेर उनीहरुलाई रिहा गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । भेटका क्रममा मन्त्री डा राणाले नेपालले सन् २०२७ देखि २०२९ का लागि संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद् को सदस्य लगायतमा उम्मेदवारी दिएको सन्दर्भ उल्लेख गर्दै त्यसमा युक्रेन सरकारको सहयोगका लागि आग्रह पनि गर्नुभयो ।

भेटघाटका अवसरमा नेपाल र युक्रेनका सरकारी एवं कूटनीतिक राहदानी वाहकलाई निःशुल्क भिसासम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । रासस

# राजनीतिक दलले जनतासामु गरेका प्रतिबद्धता पूरा गर्नुपर्छ : मनरुपा शर्मा

हामी राजनीतिक दलले निर्वाचनको समयमा जनतासामु राखेका प्रतिबद्धता पूरा गर्न सकेका छैनौं । कुनै एउटा मात्र राजनीतिक दलले होइन, सबै राजनीतिक दलले आफ्ना प्रतिबद्धता पूरा गर्न सकेका छैनन भन्ने लाग्छ ।



काठमाण्डु । राष्ट्रियसभाको सदस्य भएको एक वर्ष पूरा भयो । राष्ट्रियसभामा एक वर्ष रहँदैगर्दा धेरै विषयमा अनुभव हासिल गरेकी छु । मैले संसद्मा रहेर जति गर्नुपर्ने हो, त्यति गर्न सकेकी छैन । संसद्मा जनताको आवाज उठाउने, कानुन निर्माण प्रक्रियामा सहभागी हुने कुरा त भइहाल्यो । तर जनताको अवस्था सुधार गर्न ठोस काम गर्न नसकेको अनुभूति भइरहेको छ ।

संसद्मा आइसकेपछि मलाई देशभर गाउँगाउँमा जाने अवसर मिल्यो । गाउँमा अझै पनि जनताको अवस्था उस्तै छ । उनीहरूले व्यवस्था फेरिएको अनुभूति गर्न पाएका छैनन् । सडक, विद्यालय र स्वास्थ्यचौकी गाउँगाउँमा पुगेको छ । तर जनताको अवस्था नाजुक नै छ । गाउँमा युवा छैनन् । रोजगारीका लागि युवा विदेश जाने क्रम बढ्दो छ ।

हामी राजनीतिक दलले निर्वाचनको समयमा जनतासामु राखेका प्रतिबद्धता पूरा गर्न सकेका छैनौं । कुनै एउटा मात्र राजनीतिक दलले होइन, सबै राजनीतिक दलले आफ्ना प्रतिबद्धता पूरा गर्न सकेका छैनन भन्ने लाग्छ । हामी मुलतः सत्तातिर नै बढी लक्षित छौं । राजनीतिक खिचातानीमै व्यस्त छौं । संविधानको कार्यान्वयन जति हुनुपर्ने हो, त्यति हुनसकेको छैन ।

सङ्घीयताको सवालमा अधिकार स्थानीय तहसम्म पुर्याउने विषयमा सङ्घीय सरकारबाट कन्जुस्याइँ गरेको देखिन्छ । महिला, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, अपाङ्गताको क्षेत्रलगायत सीमान्तकृत समुदायको हकमा संविधान पूर्ण रूपमा कार्यान्वयन भएको देखिँदैन । आवश्यकताका आधारमा मुख्य मुख्य ऐन बनेका छन् । तर मौलिक हकअन्तर्गतका कानुन बन्न सकेका छैनन् । महिलाको अधिकारको व्यवस्था संविधानमा गरिएको छ, तर त्यसको कार्यान्वयन हुनसकेको छैन ।

अहिले देशमा संविधान संशोधनको बहस चलिरहेको छ । सरकार, प्रमुख दलहरू, सत्तारुढ दलहरूले संविधान संशोधन गर्नुपर्ने विषय के हुन् भनेर छलफलमा ल्याएका छैनन् । अहिले संशोधन नगरे पनि हुने विषयलाई अगाडि सारेको देख्दैछु । पहिलो कुरा सीमान्तकृत समुदायको अधिकार संविधानमा जति सुनिश्चित गरिनुपर्ने हो, त्यति भएको छैन । अर्को सुनिश्चित भएको अधिकार पनि कार्यान्वयन भएको छैन । सीमान्तकृत समुदायको अधिकार थप गर्ने विषयमा संशोधन गर्नुपर्छ । त्योसँगै शासन प्रणाली र निर्वाचन प्रणालीलाई पनि संशोधन गर्नुपर्छ । अब देशमा प्रत्यक्ष कार्यकारी राष्ट्रपति र प्रधानमन्त्री हुनुपर्छ । राष्ट्रपति र प्रधानमन्त्री संसद्ले चुन्ने विषय त्यति पारदर्शी देखिएको छैन ।

सङ्घीयता सुदृढीकरणका निम्ति प्रदेश र स्थानीय सरकारलाई पर्याप्त अधिकार दिनुपर्छ । हाम्रो सङ्घीयतामा प्रदेश र स्थानीय सरकारलाई सङ्घीय सरकारले हस्तक्षेप गरेको जस्तो देखिन्छ । स्थानीय निकायलाई आफ्नै तरिकाले चल्न नदिने हो भने सङ्घीयता कार्यान्वयनमा जटिलता उत्पन्न हुनेछ । सङ्घीयता कार्यान्वयन गर्न स्थानीय निकायका लागि सङ्घीय सरकारले बनाइदिनुपर्ने कानुनलाई जतिसक्दो चाँडो बनाइदिनुपर्छ । निजामती सेवा ऐन, शिक्षा ऐन, प्रहरी ऐनलगायत थुप्रै कानुन बन्न सकेका छैनन् । त्यसलाई ल्याउनका लागि सबै राजनीतिक दलले सहयोग गर्नुपर्छ ।

सुशासनका निम्ति जनताका जनजीविकाका सवाललाई सरकारले सम्बोधन गर्नुपर्ने खाँचो छ । सरकारले महिला र दलितको सवाललाई सम्बोधन गर्नुपर्छ । जनतालाई शान्ति सुरक्षाको अनुभूति दिनुपर्छ । महिलाको उत्थानको निम्ति संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्नुपर्छ । संविधानको धारा ३८, ७०, ८४, ९१, ९२ लगायत महिलासँग सम्बन्धित संवैधानिक व्यवस्थालाई व्यावहारिक रूपमा नै कार्यान्वयन गर्नुपर्छ । संविधानको धारा ३८ को 'महिलाको हक' मा ' प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुने' र 'सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ' भनिएको छ । तर त्यसको पूर्ण रूपमा कार्यान्वयन भएको देखिँदैन ।

त्यसैगरी संविधानको धारा ७० मा राष्ट्रपति वा उपराष्ट्रपति फरक-फरक लिङ्ग वा समुदायको हुनुपर्ने व्यवस्था छ । धारा ८४ मा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट कुल सदस्य स ्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था गरिएको छ । धारा ९१ मा प्रतिनिधिसभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुनेगरी निर्वाचन गर्नुपर्ने भनिए पनि महिलालाई सभामुखभन्दा पनि उपसभामुखमै सीमित गर्ने गरेको देखिन्छ । त्यसैगरी धारा ९२ बमोजिम राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुनुपर्छ भनिएको छ । त्यहाँ पनि महिलालाई उपाध्यक्षमै सीमित गरिएको छ ।

यदि व्यावहारिक रूपमा महिलाको उत्थान गर्ने हो भने मुलुकको नीतिनिर्माण तहको नेतृत्वदायी भूमिकामा उनीहरुलाई अवसर दिनुपर्छ । अहिले सङ्घीय संसद्मा ३४ प्रतिशत, प्रदेशसभामा ३६.५ र स्थानीय तहमा ४१.१ प्रतिशत महिलाको सहभागिता छ । त्यसैगरी निजामती सेवामा अहिले करिब २८ प्रतिशत महिला कर्मचारी छन् । महिलाको सहभागिता केही मात्रामा वृद्धि भएको छ । तर यो पर्याप्त भने होइन । महिलाले अधिकारका निम्ति अझै सङ्घर्ष गर्नुपर्ने देखिन्छ ।

बढ्दो युवा पलायन रोक्न व्यावहारिक शिक्षा दिनुपर्छ । हाम्रोमा व्यावहारिक शिक्षा भएन । व्यावहारिक शिक्षा नभएका कारण अहिले स्नातकोत्तर उत्तीर्ण युवा पनि बेरोजगार बस्नुपरेको छ । नेपालको शिक्षामा भविष्य नदेखेपछि धेरै युवा १२ कक्षा सकेपछि विदेशिने लहर चलेको छ । त्यसलाई रोक्न शिक्षा प्रणालीमा सामयिक सुधार गरी रोजगारमूलक बनाउनुपर्छ । रोजगारी सृजनातर्फ सरकारले विशेष प्राथमिकता दिनुपर्छ ।

हामीसँग युवालाई रोजगारी दिन उद्योग छैन । कृषिमा लगानी बढाउनुपर्छ । नेपालमा सम्भावना नभएको होइन । तर त्यो सम्भावनालाई प्रयोगमा ल्याउन सकिएको छैन । केही युवाले देशभित्र उद्यम सुरु गरेका छन् । उनीहरूलाई अझ प्रोत्साहित गर्नुपर्ने खाँचो छ । समग्रमा देशमा देखिएको शिक्षा, स्वास्थ्य, बेरोजगारीलगायत समस्या समाधान गर्दै जनताको अवस्था परिवर्तन गर्न राजनीतिक दलहरू मिल्नुको विकल्प छैन ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) प्रदेश समिति सचिवालय सदस्य मनरुपा शर्मा एक वर्षदेखि सङ्घीय संसद्, राष्ट्रियसभाको सदस्य हुनुहुन्छ । विसं २०५७ देखि विद्यार्थी सङ्गठनबाट राजनीति सुरु गर्नुभएकी उहाँले २०५७ सालमा अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीको नेतृत्व तहमा बसेर काम गर्नुभएको थियो । राष्ट्रियसभा सदस्य शर्माले पार्टीको पर्वत जिल्ला अध्यक्ष भएर पनि काम गरिसक्नुभएको छ ।रासस

# सार्वजनिक लेखा समितिको काम प्रभावकारी बनाउनुपर्नेमा जोड



काठमाण्डुप्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिका सदस्यले समितिको काम प्रभावकारी र नतिजामुखी बनाइनुपर्नेमा जोड दिनुभएको छ ।

समितिकोमंगलबारकोबैठकमा सांसदले महालेखापरीक्षकको प्रतिवेदनले औंल्याएको बेरुजु फछ्र्यौट तथा सम्परीक्षण र उजुरी माथिको छानबिन प्रभावकारी हुन नसकेको बताउनुभएको हो ।

सभापति ऋषिकेश पोखरेलले समितिलाई थप प्रभावकारी र नतिजामुखी बनाउन विभिन्न नौ वटा उपसमिति बनाएर काम गरिरहेको बताउनुभयो । महालेखापरीक्षक कार्यालयको प्रतिवेदन माथिको छलफल र समितिमा परेका उजुरीलाई फछ्र्यौट गर्नका लागि उपसमिति गठन गरिएको र हालसम्म समितिबाट भए गरेका कामलाई समावेश गरी प्रतिवेदनको मस्यौदा तयार पारिएको उहाँको भनाइ छ । समितिमा हालसम्म परेका एक सय १४ वटा उजुरी माथि छानबिन हुन सकेको छैन ।

मंगलबारको बैठकमा समिति सदस्य जनार्दन शर्माले महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमाथि छलफल हुन नसकेको बताउनुभयो । त्यसैगरी समितिमा परेका उजुरीहरुको प्राथमिकीकरण गरी चाँडै टुङ्गोमा पुर्याइनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सांसद रामकृष्ण यादवले समितिका काम नतिजामुखी हुन नसकेको बताउनुभयो । नियमित बैठक बस्न नसकेको, समितिले दिएका निर्देशन सम्बधित निकायबाट कार्यान्वयन नभएकोलगायतका विषय उहाँले उठाउनुभयो ।

सांसद प्रेमबहादुर आलेले राज्यको सम्पत्ति दुरुपयोग भएको विषयमा लेखा समितिले निष्पक्ष र प्रभावकारी ढङ्गले छानबिन गर्न सक्नुपर्ने बताउनुभयो । डेडिकेटेट र ट्रङ्कलाइनको महशुल बक्यौता विवाद चाँडो टुङ्ग्याउनुपर्ने र गौतमवुद्ध अन्तरराष्ट्रिय विमानस्थल, पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा आर्थिक घोटाला भएको विषयमा पनि छानबिन थाल्नुपर्ने उहाँको भनाइ थियो ।

सांसद मनिष झाले समितिका बैठक नियमित बस्नुपर्ने र समितिबाट भएका निर्देशन सम्बन्धित निकायले पालना गरे-नगरेको बारे सोधखोज गरिनुपर्ने बताउनुभयो ।

समितिका निर्णयको कार्यान्वयन र प्रभावकारिता कति छ भनेर समितिले हेर्न सक्नुपर्ने उहाँको भनाइ छ ।

यसअघि समितिले सिमेन्ट र फलामे डण्डीको मूल्यवृद्धि बारे उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई दिएको निर्देशन कार्यान्वयन हुन नसकेको बताउनुभयो ।रासस


## Invitation for Bids
## Dhanushadham Municipality
### Office of Municipal Executive
### Dhanushadham, Dhanusha

**Invitation for Bids for the Construction of Shree Bajrang School Building, Dhanushadham na.pa.5 Nausay, Dhanusha**

**Contract Identification No: DM/05/081-082**

**Date of publication: 2081-12-06**

1. Dhanushadham Municipality, Office of municipal Executive, Dhanushadham, Dhanusha invites electronic bids from Nepalese eligible bidders for the construction of Shree Bajrang School Building, Dhanushadham na.pa.5 Nausay, Dhanusha under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information, visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder submit their bid electronically download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**For Purchase of Bid document**

**Name of the Bank:** NIC Asia Bank, Dhanushadham Branch **Name of Office:** Dhanushadham municipality

**Office Code no.:** 801021705 **Office Account no.:** 0312050025358004

**For cash Bank guarantee**

**Name of the Bank:** NIC Asia Bank,Dhanushadham Baranch **Name of Office:** Dhanushadham municipality

**Office Code no.:** 801021705 **Office Account no.:** 0312050025358014

4. Municipality has right to accept or reject fully or partially without any reason. All the procurement process will be according to procuremnt act 2063 and regulation 2064.

| S. N. | Description Of works | Estimated Amount Nrs. | Bid document Fee Nrs. | Bid security Fee Nrs. | Last date of bid Submission | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Shree Bajrang School Building, Dhanushadham na.pa.5 Nausay, Dhanusha (DM/05/Works /081-082) | 60,50,796.55 without vat and contingencies | 3000/- | 2,10,000/- | 2082-01-05 at 12:00 hrs | only E-Bid |

**Chief Administrative Officer**

## अवैधानिक आप्रवासन :

# घना जङ्गलको बाटो, सीमामा धारिलो तारबार त कतै कुकुरको डर

बीबीसी

काठमाण्डु । पोल्यान्डको ठूलामध्येको एउटा शहरको शान्त र रुख बिरुवाले भरिएको एक पार्कमा मसँग उनले भेटे। उनी लजालु छन् र सानो स्वरमा बोल्छन्। चिसो मौसमका लागि उपयुक्त पहेँलो र कालो रङको ज्याकेट लगाएका छन्।

जबर्जस्ती सेनामा भर्ती हुनबाट बच्न आफ्नो घरबाट भागेको उनले मलाई बताए। उनले मानव तस्करहरूलाई करिब ७ हजार डलर (५,५०० पाउन्ड) तिरेको बताए। तिनै तस्करले रुस र बेलारुस हुँदै पोल्यान्डसम्मको यात्रामा उनको मद्दत गरेका हुन्। सन् २०२१ मा सङ्कट सुरु भए यता बेलारुस-पोल्यान्ड सीमा अवैधानिक रूपमा पार गर्ने दशौँ हजार मानिसमध्ये उनी एक हुन्। दावित पोल्यान्डमै बस्न चाहन्छन् तर बाटोमा उनले भेटेका कैयौँ आप्रवासीहरूले भने यूके पुग्ने लक्ष्य राखेको बताएका थिए।सीमा वारपार नै कुनैबेला युरोपभर फैलिएको प्राचीन जङ्गलको अवशेष बाँकी छ।



बिआलोविएजा फरेस्ट युनेस्कोले सूचीकृत गरेको सम्पदा क्षेत्र हो अर्थात् संरक्षित क्षेत्र। अहिले मानिसहरूले यसलाई ईयू प्रवेश गर्ने अवैधानिक मार्गका रूपमा प्रयोग गर्ने गरेका छन्।जङ्गल बीचबाट बनाइएको यो १२० माइल लामो पर्खाल पोल्यान्ड सरकारले पोल्यान्डको र वृहत् युरोपको सीमा बलियो बनाउन सन् २०२२ मा निर्माण गरेको हो। पोल्यान्डका सीमा रक्षकहरूले दिनरात पैदल वा बख्तरबन्द वाहन र अन्य वाहनबाट गस्ती गर्छन्। उनीहरूले उच्च क्षमता भएका ड्रोनहरूको उपयोग गरेर आकाशबाट पनि निगरानी गर्छन्।

औपचारिक पोसाकमा रहेका सीमा सुरक्षा अधिकारी मिचल बुरा ५ मिटर अग्लो पर्खालको छेउ छेउ हिँड्दै मसँग कुरा गरिरहेका छन्। हिउँदको उज्यालो घाममा पर्खालका डन्डीहरू चम्किरहेका छन्।"हामी तस्करहरूभन्दा एक कदम अगाडि हुनुपर्छ। हाम्रा शत्रुहरूभन्दा एक कदम अगाडि," उनी भन्छन्।बुराले बेलारुसी समकक्षीहरूलाई पनि शत्रुको सूचीमा राखेका छन् अहिले।

"अर्को (बेलारुस) तर्फका रक्षकहरू अवैध आप्रवासीहरूको पक्षमा काम गरिरहेका छन्," उनी भन्छन्। "उनीहरूले अवैधानिक रूपमा कहाँबाट सीमा पार गर्न सकिन्छ भन्ने आप्रवासीलाई देखाइदिन्छन्। उनीहरूले भऱ्याङ र तार काट्ने मसिनहरू पनि अवैधानिक आप्रवासीहरूलाई उपलब्ध गराइदिन्छन्," उनी भन्छन्।तर पोल्यान्डका अधिकारीहरूमाथि पनि आप्रवासीहरूप्रति गैरकानुनी व्यवहार गर्ने गरेको आरोप लाग्ने गरेको छ।

सन् २०२४ को डिसेम्बरमा तयार पारिएको ह्युमन राइट्स वाच रिपोर्टमा "पोलिश प्रहरी अधिकारीहरूले गैरकानुनी रूपमा र कहिलेकाहीँ हिंसात्मक रूपमा पोल्यान्ड पस्ने प्रयत्न गरिरहेकाहरूलाई, उनीहरूलाई आवश्यक परेको संरक्षणको आवश्यकतालाई बेवास्ता गरेर उतै (बेलारुसतिरै) पठाइदिन्छन्," भनिएको छ। सन् २०२० को बेलारुसको व्यापक रूपमा बदनाम भएको चुनावयता युरोपले लगाएको कडा प्रतिबन्धपछि त्यसका नेता एलेग्जेन्डर लुकाशेन्कोले मध्य पूर्व र अफ्रिकाबाट आइपुग्ने आप्रवासीहरू अवैधानिक रूपमा पोल्यान्डतिर लागे भने हस्तक्षेप नगर्ने घोषणा गरेका थिए।लुकाशेन्कोले बीबीसीलाई सन् २०२१ मा भनेका थिए, "मैले उनीहरू (ईयू)लाई भनिदिएको छु कि मैले सीमामा आइपुगेका आप्रवासीलाई नियन्त्रणमा लिन्नँ उनीहरूलाई सीमामा रोक्दिनँ र उनीहरू आइरहे भने म रोक्दिनँ किनभने उनीहरू मेरो देशमा बस्न आउने होइनन् तिमीहरूको देशतिर आउने हुन्।"

तर यो अहस्तक्षेपकारी दृष्टिकोण मात्रै होइन। बेलारुसले सक्रिय रूपमा आप्रवासीलाई यो बाटो युरोप प्रवेश गर्न प्रोत्साहन गर्ने गरेको आरोप लाग्ने गरेको छ। सन् २०२१ मा लुकाशेन्कोको सरकारले चलाएको एउटा ट्राभल एजेन्सीलाई इयूले आप्रवसासीलाई सीमा पार गराउन सहयोग गरेको भन्दै प्रतिबन्ध लगाइदिएको थियोउक्त सेन्टरकुर्ोर्ट ट्राभल एजेन्सीको संयोजनमा सन् २०२१ मा बेलारुसी विदेश मन्त्रालयले पाँच वर्ष उमेरका समेत केही इराकीहरूलाई 'हन्टिङ भिसा' दिएको बीबीसीले प्रमाण हेरेको छ।

यो भिसाले मानिसहरूलाई बियालोविएजा फरेस्टको बेलरुसस्थित क्षेत्रको संरक्षित क्षेत्रमा प्रवेश अधिकार दिन्छ। र यो क्षेत्र पोल्यान्डबाट निकै नजिक छ।बेलारुसी सीमा अधिकारीहरूले सीमा पार गर्न सक्रिय रूपमा सघाउने गरेको आरोप अस्वीकार गरेका छन्। उनीहरूले सीमा सुरक्षाबारे यसअघि जारी विज्ञप्तिहरूबारे बीबीसीलाई उल्लेख गरेका छन्। "आप्रवासी समस्या बढ्दै जाँदा राज्यको सीमासम्बन्धी निकायले ईयू मुलुकहरूलाई सचेत बनाउँदै रचनात्मक वार्ताको आवश्यकता औँल्याउने गरेको, स्थगित गरिएका गैरकानुनी आप्रवासनसम्बन्धी मुद्दा लगायत सीमा पार सहयोग आयोजना पुनः सक्रिय बनाउन आग्रह गरिएको छ। "

"दुर्भाग्यवश रचनात्मक वार्तामा सामेल हुनुको साटो छिमेकी ईयू मुलुकहरूले सीमामा सैन्यकरण, झडप र सीमा सहयोग कार्यलाई उपेक्षा गर्ने मार्ग चुनेका छन्। अहिले देखिएको आप्रवासी समस्यालाई समाधान गर्न उनीहरूले कट्टरपन्थी तरिका प्रयोग गरेका छन्।" आप्रवासीहरूको बढ्दो सङ्ख्याले सीमाको दुवैतिर बस्ने रक्षकहरूबीचको सम्बन्ध पनि नाटकीय रूपमा बदलिएको छ।बुरा भन्छन्, "केही वर्ष अगाडिसम्म हामी उनीहरूसँग कुराकानी गर्थ्यौँ, चुरोट सँगै खान्थ्यौँ तर अहिले त एक अर्कालाई हेराहेर गर्ने मात्रै हो, हाम्रो उनीहरूसँग कुनै सम्पर्क छैन।"

पोल्यान्डले आप्रवासी रोक्न आफ्ना प्रयत्न बढाएको भए पनि सन् २०२४ मा करिब ३० हजारले सीमा पार गर्ने प्रयत्न गरेका थिए । सन् २०२१ मा सङ्कट सुरु भए यताको यो दोस्रो ठूलो नम्बर हो।र सीमा पार गर्न सफल हुनेहरूमध्ये कैयौँ दयनीय अवस्थामा फेला पर्ने गर्छन्। जङ्गल बाक्लो छ र त्यो पार गर्न सजिलो छैन। ५.५ मिटर अग्ला धारिलो धातुको बारको अर्थ हो त्यो पार गर्ने आप्रवासीलाई गहिरा घाउ चोट लाग्ने गर्छन्।'वी आर मोनिटरिङ ग्रुप' भन्ने संस्थाका अनुसार ८९ जना मानिसले यो सीमा पार गर्न खोज्दा ज्यान गुमाएका छन्।

आप्रवासीहरूका अनुसार उनीहरूलाई सीमा पार गर्न सहयोगी उपकरणहरू दिइए पनि बेलारुसी सीमा रक्षकहरूले बेलारुसको सीमा कटाइदिन र ईयूतिर गइहालून् भनेर आप्रवासीहरूका पछाडि कुकुर लगाइदिन्छन् ।हिउँदका बेलाको समय झन् कष्टकर हुन्छ। जाडोका कारण हाइपोथर्मिया र विभिन्न अङ्गमा हिउँले खाइदिने समस्या हुन्छ।"यदि तिमी भाग्यौ भने उनीहरूले कुकुर लगाइदिन्छन्," दावितले मलाई भने।"मैले घाँटी र खुट्टामा कुकुरले टोकेका मानिस देखेँ।"

ओल्गा नयाँ आउने आप्रवासीहरूलाई सहयोग उपलब्ध गराउने परोपकारी संस्थाका लागि काम गर्छिन्। उनले भेटेका मानिसहरू धेरैजसो डराएका र उपचारको आवश्यक परेकाहरू हुन्छन्।उनीहरूमा रेजरवाला तारबारका कारण कैयौँ चोटपटक लागेको हुन्छ। कतिपयको त बारबाट हाम फाल्दा हात खुट्टा नै भाँचिएको हुन्छ।हामीले च्यारिटीको मुख्यालयमा ओल्गालाई भेट्यौँ। नजिकैको एउटा गाउँको बाहिरी क्षेत्रमा तीनकोठे एउटा घर त्यहाँको समुदायका आप्रवासीलाई सहयोग गर्ने धारणालाई समर्थन गर्ने व्यक्तिले उपलब्ध गराएका छन्।

उनीहरू आफ्नो 'लोकेसन' गोप्य राख्छन् किनभने कतै आप्रवासी आगमनप्रति आक्रोशितहरूले प्रतिशोधमा हमला गर्लान् कि भन्ने उनीहरूलाई डर रहन्छ।"यहाँ उपकरण र अन्य सामग्रीहरू देखिन्छन् - न्यानो लुगा, खाना, ब्यान्डेज र प्राथमिक उपचार किट - भित्तामा चाङ लगाएर राखिएको छ र एउटा कुनामा दुईवटा खाट छन् जसमा स्वयंसेवकहरू आवश्यक परे सुत्ने गर्छन्।"सहयोग दिउँसो वा राति जुनसुकै बेला दिनु पर्ने अवस्था आउन सक्छ। त्यहाँ आइपुग्ने मानिसहरूको प्रकार पनि फरक फरक हुने गर्छ।

"हिउँदका बेला आउनेहरू युवा र केटामान्छे छन्। तर सेप्टेम्बर र अक्टोबरमा आउनेहरूमा केटीहरू थिए। युवतीहरू। त्यहाँ कैयौँ त किशोर किशोरी थिए।"सम्भव भएसम्म उक्त च्यारिटीले प्राथमिक उपचार उपलब्ध गराउँछ र उनीहरूको कुरा सुन्न चाहनेहरूलाई शरणबारे सुझाव पनि उपलब्ध गराउँछ। यसैबीच डढेलो र नियन्त्रित क्षेत्र हुँदै अगाडि बढेका छरपस्ट फालिएका सामग्रीले बियालोविएजाका जनावरको बेहोरा परिवर्तन हुन थालेको पाइएको छ।मानव गन्धबाट बच्नका लागि युरोपेली बाइसनका झुन्डहरू जङ्गलको त्यस्तो क्षेत्रतर्फ लागेका छन् जहाँ उनीहरू पहिले जाँदैनथे।

> यसैबीच डढेलो र नियन्त्रित क्षेत्र हुँदै अगाडि बढेका छरपस्ट फालिएका सामग्रीले बियालोविएजाका जनावरको बेहोरा परिवर्तन हुन थालेको पाइएको छ ।मानव गन्धबाट बच्नका लागि युरोपेली बाइसनका झुन्डहरु जङ्गलको त्यस्तो क्षेत्रतर्फ लागेका छन् जहाँ उनीहरु पहिले जाँदैनथे ।

आप्रवासीहरूका खुट्टामार्फत् त्यहाँ बाहिरी प्रजातिको आगमन हुन सक्छ जसको नियन्त्रणका लागि वन विशेषज्ञहरूले कडा मेहनत गर्नु पर्छ। मात्योस जाइमुराले २० वर्षभन्दा लामो समयदेखि फरेस्ट रेन्जरको रूपमा काम गरेका छन् र बियालोविएजामा आफ्नो सम्पूर्ण जीवन बिताएका छन्।हामी हिउँले ढाकिएको पुलमा बाक्लो जङ्गलमा हिँडिरहँदा उनले मलाई आफू काममा हिँडिरहँदा आप्रवासीहरू देख्ने गरेको र बेलारुसका तर्फबाट कुनै कारबाही नगरेको देख्दा चिन्ता लाग्ने गरेको बताए।उनी भन्छन्, "यो संरक्षित क्षेत्रमा बेलारुसले मानिसहरूको प्रवेश निरन्तर गर्न दिइरह्यो भने बियालोविएजा जङ्गलमा समस्या झन् बढ्ने छ।"

हिउँद याममा अवस्था अझ गाह्रो हुन्छ किनभने कैयौँ आप्रवासीहरूमा हाइपोथर्मिया हुने गरेको पाइएको छ। यद्यपि धेरैका लागि यो युरोपका अन्य मुलुकमा जाने उनीहरूको यात्राको एउटा विश्रामस्थल मात्र हो।बेलारुसको राजनीतिक खेललाई अवैधानिक आप्रवासनले बल पुऱ्याएसम्म यो सङ्कटले युरोपको सीमामा असर पारिरहने छ।दावितले मलाई उनको यात्रामा भेट भएका कैयौँले यूके पुग्न चाहेको बताएको जनाए। तर दावितले पोल्यान्डमै शरण मागेका छन् र उनको दाबीमाथि प्रक्रिया चलिरहेको छ।"म सुरक्षित हुन चाहन्छु। त्यही कारण म यहीँ बस्न चाहन्छु," उनले भने।

# साफ च्याम्पियनसिपको खेलतालिका सार्वजनिक

काठमाण्डु । दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) यु-१९ च्याम्पियनसिप फुटबल प्रतियोगिताको खेलतालिका सार्वजनिक भएको छ ।




भारतको अरुणाञ्चल प्रदेशस्थित गोल्डेन जुब्ली रङ्गशालामा हुने उक्त प्रतियोगिता आगामी मे ९ देखि १८ तारिखसम्म हुनेछ । मंगलबार सार्वजनिक गरिएको खेल तालिकाअनुसार नेपालले आफ्नो पहिलो खेल श्रीलङ्कासँग खेल्नेछ । उक्त खेल आगामी मे ११ तारिखमा हुनेछ । सोही दिन भूटान र बङ्गलादेशवीच पनि प्रतिस्पर्धा हुनेछ ।

विभिन्न ६ राष्ट्र सहभागी उक्त प्रतियोगितामा नेपाल समूह 'बी' मा परेको छ । समूह 'बी' मा नेपालसँगै भारत र श्रीलङ्का छन् । त्यसैगरी नेपालले आफनो दोस्रो खेल मे १३ तारिखमा घरेलु टोली भारतको सामना गर्नेछ । १३ तारिखमै हुने अर्को खेल माल्दिभ्स र भूटानबीच हुनेछ ।

उक्त प्रतियोगिताको समूह ' ए' मा भने साविक विजेता बङ्गलादेश, माल्दिभ्स र भूटान छन् । प्रतियोगिताको उद्घाटन खेलमा समूह 'बी' अन्तर्गतका बङ्गलादेश र माल्दिभ्सबीच प्रतिस्पर्धा हुनेछ । उद्घाटनकै दिन हुने अर्को खेलमा श्रीलङ्का र भारतबीच प्रतिस्पर्धा हुने जनाइएको छ ।रासस


## धितो लिलामी गर्ने बारे पुनः ७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/१२/०६ गते)

तपशिलमा उल्लेखित ऋणी संस्थाले जनकपुर शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०७९/०४/०३ गते अन्नपूर्ण पोष्ट दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना तथा मिति २०७९/०६/२८ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम गर्ने बारे ३५ दिने सुचना, मिति २०७९/१०/१६ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम गर्ने बारे १५ दिने सुचना र मिति २०८१/०५/२४ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा धितो लिलामी गर्ने बारे ७ दिने अत्यन्त जरुरी सूचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ७ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम :** श्री प्रेम बचत तथा ऋण सहकारी संस्था लि। **दर्ता नं:** १७९६/२०७३/७४
**रजिष्टर्ड ठेगाना:** रघुनाथपुर वडा नं.०९ गौरीपुर धनुषा ।

| संचालक तथा जमानीकर्ताको विवरण | |
|---|---|
| **१) नाम : सत्य नारायण दनुवार (अध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : राम प्रसाद कुमार दनुवार<br>बाजे : अनुप कुमार दनुवार<br>पत्नी : मनिषा महर्जन<br>ना प्र नं.:७०६११५१८ (धनुषा)<br>ठेगाना : रघुनाथपुर-०९ | **५) नाम : जितेन्द्र अधिकारी (सदस्य)**<br>बाबु : विल्टु अधिकारी<br>बाजे : सुखलाल अधिकारी<br>ना.प्र.नं. : ७५७२३५३६ (धनुषा)<br>ठेगाना : रघुनाथपुर-०९ |
| **२) नाम : राम भरोष कुमर (उपाध्यक्ष)**<br>बाबु : राम पुकार कुमर दनुवार<br>बाजे : भुटा कुमार दनुवार<br>ना प्र नं.: १७३०४२/१३५३ (धनुषा)<br>ठेगाना : रघुनाथपुर-०८ | **६) नाम : सिताराम अधिकारी (संचालक सदस्य तथा जमानीकर्ता)**<br>बाबु : धनराज अधिकारी<br>बाजे: ठकाई अधिकारी<br>ना.प्र.नं. : ७५७२३१०८ (धनुषा)<br>ठेगाना : रघुनाथपुर-०७ |
| **३) नाम : केदारबाबु अधिकारी दनुवार (सचिव तथा जमानीकर्ता)**<br>बाबु : कृष्ण औतार अधिकारी दनुवार<br>बाजे : जदुलाल अधिकारी<br>ना.प्र.नं: १७१०४२/६४१ (धनुषा)<br>ठेगाना : रघुनाथपुर-०९ | **७) नाम : प्रेम कुमारी देवी दनुवार (संचालक सदस्य तथा जमानीकर्ता)**<br>बाबु : रामस्वरुप अधिकारी<br>बाजे : सुनर अधिकारी<br>ना.प्र.नं.: ७०६११६७१ (धनुषा)<br>ठेगाना : रघुनाथपुर-०७ |
| **४) नाम : भरत अधिकारी दनुवार (कोषाध्यक्ष)**<br>बाबु : बन्सु अधिकारी दनुवार<br>बाजे : सुवैया अधिकारी<br>ना.प्र.नं: १७३०४२/१५६५ (धनुषा)<br>ठेगाना : रघुनाथपुर-९ | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

श्री राम प्रसाद कुमर दनुवारको बुहारी श्री राम स्वरुप अधिकारी दनुवारको छोरी धनुषा जिल्ला पटेर्वा गा.वि.स. वडा नं. ०८ बस्ने श्री प्रेम कुमारी देवि दनुवारको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला रघुनाथपुर गा.वि.स वडा नं ०९ को कित्ता नं.७३३ को क्षेत्रफल ०-०-१५-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु. ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank Ltd.** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.००१०००१४८६६०००१ मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै जनकपुर शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले ७ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय जनकपुरमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) सुरक्षणमा रहेको धितोअरु आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web : www.ncbl.coop


## गाजामा इजरेली हवाई हमला :

# '४०० जनाभन्दा बढी मारिए, हमासका वरिष्ठ अधिकारी पनि'

बीबीसी

काठमाण्डु । इजरेली लडाकु विमानहरूले गाजाका विभिन्न भागमा ज्यानुअरीमा युद्धविराम सुरु भएयताकै ठूको हवाई आक्रमण गरेका छन्।

गाजामा हमासले सञ्चालन गरेको स्वास्थ्य मन्त्रालयका अनुसार इजरेली हमलामा परेर ४०० जनाभन्दा बढी मानिसको मृत्यु भएको र सयौँ जना घाइते भएका छन्। इजरेलले हमासका सुरक्षा अधिकारी र राजनीतिक व्यक्तिहरूलाई पनि निसाना बनाएको थियो।

हमासले ज्यान गुमाउनेमध्ये उक्त भूभागमा कार्यरत आफ्ना एक वरिष्ठ सुरक्षा अधिकारी मोहम्मद अबु वफासहित चार जना रहेको बताएको छ। इजरेलले हवाई आक्रमण गर्नुअघि अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पको प्रशासनसँग छलफल गरेको ह्वाइट हाउसकी एक प्रवक्ताले फक्स न्यूजलाई बताएकी छन्। एक इजरेली अधिकारीले बीबीसीको अमेरिकी साझेदार सीबीएससँग कुरा गर्दै इजरेल सरकारले अमेरिकालाई हमला गर्नुअघि त्यस विषयमा जानकारी दिएको पुष्टि गरेका छन्। एउटा विज्ञप्तिमा इजरेलले हमासले पहिलो चरणको युद्धविराम लम्ब्याउने प्रस्ताव अस्वीकार गरेकाले आफूले उक्त समूहका निसानाहरूमा आक्रमण गरिरहेको बताएको छ।

उक्त प्यालेस्टिनी समूहले सोझै दोस्रो चरणको युद्धविराममा जानुपर्ने धारणा राख्दै आएको थियो। हमासलाई दबाव दिन इजरेलले गाजामा मानवीय सहायता र विद्युत् आपूर्ति कटौती गरिएको छ। मङ्गलवार दिउँसो जारी गरिएको विज्ञप्तिमा हमासले गाजामा भएको "हत्याका लागि संयुक्त राज्य अमेरिका पूरा जिम्मेवार" भएको टिप्पणी गरेको छायसबाट अमेरिका आफू तनाव मत्थर पार्न लागिपरेको भन्ने दाबी मिथ्या भएको उजागर भएको हमासले जनाएको छ।



"गाजामा भएको कब्जा र त्यसका समर्थकहरूलाई मानवतामाथि भएका यी अपराधका लागि उत्तरदायी बनाउन अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गरिन्छ," विज्ञप्तिमा उल्लेख छायसअघि हमासले इजरेली प्रधानमन्त्री बेन्जमिन नेतन्याहूले युद्धविराम सम्झौता उल्ट्याएको आरोप लगाएको थियो। उसले यो हमलाका कारण बाँकी इजरेली बन्धकको भविष्य अन्योलपूर्ण बनेको बताएको थियो। एक इजरेली अधिकारीले बीबीसीलाई उक्त आक्रमण आवश्यक रहुन्जेल जारी रहने र हवाई हमलामा मात्रै सीमित नरहने बताएका छन्।

इजरेलले गाजा नजिकैका विद्यालयहरू हवाई हमलापछि आफूले बन्द गरेको जनाएको छ।एउटा विज्ञप्तिमा इजरेल डिफेन्स फोर्सेसले आफूले हमासका "आतङ्कवादी निसानाहरू" लाई लक्ष्य गरेर आक्रमण गरिरहेको जनाएको छ। मध्यगाजामा तीनवटा घरमा हमला गरिएको छ भने गाजा सिटीको एउटा भवन तथा खान युनिस र रफाहका विभिन्न स्थानमा पनि हमला भएको प्रत्यक्षदर्शी र स्वास्थ्यकर्मीलाई उद्धृत गर्दै समाचारसंस्था रोएटर्सले जनाएको छ।ज्यानुअरी १९ मा युद्धविराम आरम्भ भएयता इजरेलले गाजामाथि गरेको हवाई हमलाको यो सबैभन्दा ठूलो शृङ्खला हो। युद्धविरामलाई लम्ब्याउन भइरहेका वार्ता सहमतिमा पुग्न विफल भएका छन्।

इजरेली प्रधानमन्त्री बेन्जमिन नेतन्याहू र रक्षामन्त्री इजरेल कात्सले मङ्गलवार बिहान हमलाको आदेश दिएको त्यहाँको प्रधानमन्त्री कार्यालयले जनाएको छ।"हमासले हाम्रा बन्धक रिहा गर्न बारम्बर अस्वीकार गर्नुका साथै अमेरिकी राष्ट्रपतिका दूत स्टीभ विट्कफ र मध्यस्थकर्ताका सबै प्रस्तावहरू अस्वीकृत गरेपछि यस्तो गरिएको थियो," विज्ञप्तिमा लेखिएको छ।


## धनुषाधाम नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### धनुषाधाम, धनुषा


## खरिद प्रक्रिया रद्द गरिएको सम्बन्धी सूचना

यस नगरपालिकाको कार्यालयबाट मिति २०८१/१२/५ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकाको पृष्ठ ७ मा प्रकाशित Invitation for Bids for the Construction of Shree Bajrang School Building, Dhanushadham Na.pa. 5 Nausay, Dhanusha को खरिद प्रक्रिया प्राविधिक कारणले रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

प्रमुख प्रशासकीय अधिकृत

# मुआब्जा नपाएपछि जलविद्युत आयोजना बन्द

**"जनता ठगीमा परेको विषयमा स्थानीय सरकारलाई समेत जानकारी गराएका छौं । अहिलेसम्म कुनै सुनुवाइ भएको छैन । तोकिएको समयमा सम्बन्धित जग्गाधनीलाई मुआब्जा उपलब्ध नगराएपछि निर्धारित कार्यक्रमअनुसार पानी खोलातर्फ फर्काएर आयोजना बन्द गरिएको छ ।"**



खोटाङ । यहाँको केपिलासगढी गाउँपालिकाका स्थानीयले जलविद्युत् आयोजना सञ्चालन गर्ने सम्बन्धित कम्पनीले जमिन उपयोग गरेबापत मुआब्जा नदिएपछि आयोजना नै बन्द गराएका छन् ।

लामो समयदेखि मुआब्जा नपाएको भन्दै चरणबद्ध आन्दोलनमा उत्रिएका स्थानीयवासीले सुङ्देल र दिप्सुङको सिमाना स्थित रावाखोलाबाट उत्पादन गरिएको तीन मेगावाट क्षमताको माथिल्लो रावाखोला जलविद्युत् आयोजनाको ड्याम (बाँध)बाट खोलातर्फ पानी फर्काएर आयोजना बन्द गराएका हुन् ।

रावाखोलामा रावा इनर्जी डेभलभमेन्ट कम्पनी लिमिटेड, हलेसी ऊर्जा कम्पनी लिमिटेड र लोवर मिड रावाखोला हाइड्रोइलेक्ट्रिक प्रोजेक्टले फरक-फरक तीन ठाउँमा जलविद्युत् आयोजना सञ्चालन गरेको छ । केपिलासगढी गाउँपालिका-४ बाक्सिला, ६ दिप्सुङ र ७ सुङ्देलका स्थानीयले उक्त जलविद्युत् आयोजना सञ्चालक कम्पनीबाट मुआब्जा नपाएको गुनासो गरेका हुन् ।

जलविद्युत् आयोजनाको ट्रान्समिसन र पाइपलाइन विस्तारका क्रममा प्रयोग गरिएको जग्गाको मुआब्जा तथा क्षतिपूर्ति स्थानीयवासीले हालसम्म प्राप्न नगरेपछि चरणबद्ध आन्दोलन सुरु गरिएको निजी तथा सार्वजनिक सम्पत्ति संरक्षण सङ्घर्ष समितिका संयोजक माइतीराज राईले बताउनुभयो । "रावाखोलामा सञ्चालित तीनवटै जलविद्युत् आयोजना कम्पनीले जग्गाधनीहरुलाई क्षतिपूर्ति दिएका छैनन् । उनीहरुले स्थानीयलाई ठगी गरेका छन्", उहाँले भन्नुभयो, "जनता ठगीमा परेको विषयमा स्थानीय सरकारलाई समेत जानकारी गराएका छौँ । अहिलेसम्म कुनै सुनुवाइ भएको छैन । तोकिएको समयमा सम्बन्धित जग्गाधनीलाई मुआब्जा उपलब्ध नगराएपछि निर्धारित कार्यक्रमअनुसार पानी खोलातर्फ फर्काएर आयोजना बन्द गरिएको छ ।"

निर्माणाधीन हलेसी ऊर्जा कम्पनी लिमिटेड जलविद्युत् आयोजनाको ट्रान्समिसनलाइनले बाक्सिलाका ३८ जनासहित ४९ घरको जग्गा प्रयोग गरेको छ । जलविद्युत्को पोल र तार टाँग्ने क्रममा स्थानीयको करिब पाँच हजार २०० मिटर जग्गा प्रयोग भएको सङ्घर्ष समितिले जनाएको छ ।

पाइपलाइन विस्तारका क्रममा सुङ्देलका २४, बाक्सिलाका दुई र दिप्सुङका एक जनाको गरी ३८ कित्ता जग्गा प्रयोग गरिएको छ । रावा इनर्जी डेभलपमेन्ट प्रालिले विद्युत्को काम सम्पन्न भएपछि मुआब्जा दिने भन्दै ट्रान्समिसनको काम गरेको तर हालसम्म मुआब्जा नदिएको जग्गाधनीको गुनासो छ ।

रावा इनर्जी डेभलपमेन्ट प्रालिले विद्युत्को काम सकिएपछि सबै जग्गाधनीलाई क्षतिपूर्ति दिने र क्षति पुगेको जग्गा कम्पनीको नाममा सार्नेगरी पाइपलाइनको काम सुरु गरेको थियो । तर, हालसम्म सो सहमति कार्यान्वयन नभएको सङ्घर्ष समितिको भनाइ छ ।

रावा इनर्जी डेभलपमेन्ट प्रालिले खोलामा दश प्रतिशत पानी नछाडेको सङ्घर्ष समितिको आरोप छ । २.५ मेगावाटको विद्युत् उत्पादनको तयारी गरेको हलेसी ऊर्जा कम्पनी लिमिटेडले सर्वोच्चको आदेश विपरीत कृष्णमायाँ खत्रीको जग्गामा पाइपलाइनको काम गरिरहेको छ ।

निर्माणाधीन हलेसी ऊर्जा कम्पनी लिमिटेडले विद्युत् उत्पादनको प्रक्रिया पूरा नगरी छ कित्तामा रहेको ३८४ रोपनी सरकारी जग्गा प्रयोग गरेको सङ्घर्ष समितिले जनाएको छ । हलेसी ऊर्जाले सुङ्देलमा जलाशय र बाक्सिलामा पावरहाउस बनाएर विद्युत् उत्पादन गर्ने तयारी गरेको छ ।

मुआब्जा विवाद प्रकरणलाई लिएर स्थानीयवासीले जलविद्युत् आयोजना नै बन्द गराएपछि आज दुवै पक्षलाई गाउँपालिकाको कार्यालयमा छलफलका लागि बोलाइएको गाउँपालिका प्रमुख समीर राईले जानकारी दिनुभयो ।रासस

# यस्तो छ तरकारी र फलफूलको थोक मूल्य




काठमाण्डु । कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिले मंगलबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।

गोलभैंडा ठूलो (नेपाली) प्रतिकिलो रु २५, गोलभैंडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभैंडा सानो (तराई) प्रतिकिलो रु २५, आलु रातो प्रतिकिलो रु ३५, आलु रातो (भारतीय) प्रतिकिलो रु ३४, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ५५, गाजर (लोकल) प्रतिकिलो रु ४०, गाजर (तराई) प्रतिकिलो रु २५, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु २०, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु २५, मूला रातो प्रतिकिलो रु ४५, मूला सेतो (लोकल) प्रतिकिलो रु २५, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु ३०, भन्टा लाम्चो प्रतिकिलो रु ४५ तथा भन्टा डल्लो प्रतिकिलो रु ४५ कायम गरिएको छ ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ४५, घिउ सिमी (लोकल) प्रतिकिलो रु ४५, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ४५, घिउ सिमी (राजमा) प्रतिकिलो रु ८०, टाटे सिमी प्रतिकिलो रु ७०, तिते करेला प्रतिकिलो रु १२०, लौका प्रतिकिलो रु ४०, परबर (लोकल) प्रतिकिलो रु १००, परबर (तराई) प्रतिकिलो रु १५०, घिरौला प्रतिकिलो रु ५०, झिगुनी प्रतिकिलो रु ७०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु २०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु २० तथा भिण्डी प्रतिकिलो रु १०० कायम गरिएको छ ।

यस्तै, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ४५, पिँडालु प्रतिकिलो रु ९०, स्कूस प्रतिकिलो रु ४०, रायो साग प्रतिकिलो रु ५५, पालुङ्गो साग प्रतिकिलो ७०, चमसुरको साग रु ३५, तोरीको साग प्रतिकिलो रु ४०, मेथीको साग प्रतिकिलो रु ६०, प्याज हरियो प्रतिकिलो रु ४०, बकुला प्रतिकिलो रु ४०, तरुल प्रतिकिलो रु ९०, च्याउ (कन्य) प्रतिकिलो रु १३०, च्याउ (डल्ले) प्रतिकिलो रु २५०, कुरिलो प्रतिकेजी रु १००० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकिलो रु ४०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु १५०, कोइरालो प्रतिकेजी रु १८०, रातो बन्दा प्रतिकिलो रु ६०, जिरीको साग प्रतिकिलो रु ६०, सेलरी प्रतिकिलो रु १५०, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु ८०, पुदिना प्रतिकिलो रु ३००, गान्टे मूला प्रतिकिलो रु ७०, इमली प्रतिकिलो रु १६०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुक प्रतिकिलो रु ३५० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३५०, केरा (दर्जन) रु १५०, कागती प्रतिकिलो रु २५०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, सुन्तला (भारतीय) प्रतिकिलो रु १३०, तरबुजा प्रतिकेजी रु ६०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु १५०, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकिलो रु ५०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ४०, रुख कटहर प्रतिकिलो रु ११०, नासपाती (चाइनिज) प्रतिकिलो रु २४०, मेवा (नेपाली) प्रतिकिलो रु ४५, मेवा (भारतीय) प्रतिकिलो रु १०५, लप्सी प्रतिकिलो रु ९५, स्ट्रबेरी (भुइँऐसेलु) रु ३५०, किबी प्रतिकिलो रु ४००, अमला प्रतिकिलो रु १०० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकिलो रु ११०, खुर्सानी सुकेको प्रतिकिलो रु ३३०, खुर्सानी हरियो प्रतिकिलो रु १००, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु १३०, भेडे खुर्सानी प्रतिकिलो रु १००, लसुन हरियो प्रतिकिलो रु ६०, हरियो धनिया प्रतिकिलो रु ६०, लसुन सुकेको चाइनिज प्रतिकिलो रु २८०, लसुन सुकेको नेपाली प्रतिकिलो रु २५०, छ्यापी सुकेको प्रतिकिलो रु १६०, छ्यापी हरियो प्रतिकिलो रु ७०, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४०, राजा च्याउ प्रतिकिलो रु ३०० र सिताके च्याउ प्रतिकिलो रु ८०० तोकेको छ ।रासस

# यस्तो छ निर्धारित विदेशी मुद्राको विनिमय दर



काठमाण्डु । नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिदर १३८ रुपैयाँ ५९ पैसा र बिक्रीदर १३९ रुपैयाँ १९ पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिदर १५१ रुपैयाँ १२ पैसा र बिक्रीदर १५१ रुपैयाँ ६६ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिदर १७९ रुपैयाँ ७८ पैसा र बिक्रीदर १८० रुपैयाँ ५६ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १५७ रुपैयाँ ०२ पैसा र बिक्रीदर १५७ रुपैयाँ ७० पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८८ रुपैयाँ ०० पैसा र बिक्रीदर ८८ रुपैयाँ ३९ पैसा, क्यानेडियन डलर एकको खरिदर ९६ रुपैयाँ ५८ पैसा र बिक्रीदर ९७ रुपैयाँ ०० पैसा, सिङ्गापुर डलर एकको खरिददर १०४ रुपैयाँ ०६ पैसा र बिक्रीदर १०४ रुपैयाँ ५१ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिदर नौ रुपैयाँ ३३ पैसा र बिक्रीदर नौ रुपैयाँ ३७ पैसा, चिनियाँ युआन एकको खरिदर १९ रुपैयाँ १६ पैसा र बिक्रीदर १९ रुपैयाँ २४ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ९५ पैसा र बिक्रीदर ३७ रुपैयाँ ११ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ०२ पैसा र बिक्रीदर ३८ रुपैयाँ १९ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ १३ पैसा र बिक्रीदर चार रुपैयाँ १४ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ७४ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ १८ पैसा र बिक्रीदर ३१ रुपैयाँ ३१ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ५७ पैसा र बिक्रीदर नौ रुपैयाँ ६१ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ७० पैसा र बिक्रीदर १३ रुपैयाँ ७६ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ २६ पैसा र बिक्रीदर २० रुपैयाँ ३४ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिदर १७ रुपैयाँ ८४ पैसा र बिक्रीदर १७ रुपैयाँ ९१ पैसा, कुवेती दिनार एकको खरिददर ४५० रुपैयाँ १० पैसा र बिक्रीदर ४५२ रुपैयाँ ०५ पैसा, बहराइन दिनार एकको खरिददर ३६७ रुपैयाँ ८४ पैसा र बिक्रीदर ३६९ रुपैयाँ २३ पैसा, ओमनी रियाल एकको खरिददर ३५९ रुयैयाँ ९७ पैसा र बिक्रीदर ३६१ रुपैयाँ ५३ पैसा रहेको छ । भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको 'वेबसाइट' मा उपलब्ध हुने जनाइएको छ ।रासस

ANJANI SUITE
सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
ANJANI SUITE

## धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/१२/०६ गते)

तपशिलमा उल्लेखित ऋणी संस्थाले **जनकपुर शाखा**बाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै मिति २०८१/०४/०९ गते जनकपुर टुडे दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम **कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा** समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**सहकारी संस्थाको नाम :** श्री सामुदायिक महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड ।
**रजिष्टर्ड ठेगाना :** लबटोली - २, धनुषा ।

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : सिता कुमारी कार्की (अध्यक्ष जमानीकर्ता)**<br>बाबु : नैनसिंह कार्की<br>पति : तेज बहादुर कार्की<br>बाजे : फौजि सिंह कार्की<br>ना.प्र.नं: १८७१-६१४०-२३४<br>ठेगाना : कटारी-३, उदयपुर | **५) नाम : यसोदा कुमारी दहाल (सदस्य)**<br>बाबु : जय प्रसाद दहाल<br>बाजे :<br>ना.प्र.नं : ३४९८/५०४३<br>ठेगाना : लदाभिर-४, सिन्धुली |
| **२) नाम : उर्मिला देवी पासमान (उपाअध्यक्ष जमानीकर्ता)**<br>बाबु : विजलाल पासमान<br>पति : सुरेश पासमान<br>बाजे : शिबलाल पासमान<br>ना.प्र.नं: ५२२४९०१२<br>ठेगाना : लवटोली-६, धनुषा | **६) नाम : प्रमिला कुमारी (सदस्य जमानीकर्ता)**<br>बाबु : चन्द्र बहादुर खडका<br>बाजे : मान वहादुर क्षेत्री<br>ना.प्र.नं : ०१७०३०४६/१४<br>ठेगाना : लवटोली-२, धनुषा |
| **३) नाम : नमिता लामा (कोषाध्यक्ष)**<br>बाबु : सन्त बहादुर लामा<br>बाजे : काजीमान लामा<br>ना.प्र.नं : ५२२४९१२०<br>ठेगाना : लवटोली-२, धनुषा | **७) नाम : जसमतीया देवी सदा (सदस्य जमानीकर्ता)**<br>बाबु : सुरतिया सदा<br>बाजे : खुसिया सदा<br>ना.प्र.नं: १७२०४५/१२२५<br>ठेगाना : गोदार-४, धनुषा |
| **४) नाम : दुर्गा देवी गौतम (सचिव)**<br>बाबु : दल बहादुर निरैला<br>बाजे : करेसिंग निरैला<br>ना.प्र.नं : ०१७०३०४६/२५६<br>ठेगाना : लवटोली-५, धनुषा | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री भवानी शंकर दहाल को नाति श्री टिका प्रसाद दहाल को छोरा सिनधुली जिल्ला सिर्थौली गा.वि.स./न.पा. वडा नं ५ बस्ने श्री नवराज दहालको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला तल्लो गोदार वडा नं ५ क को कित्ता नं. ७१० र ७१२ को क्षेत्रफल ०-०-१०-० र ०-०-१०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. श्री नसिंह बहादुर कार्की को बुहारी श्री तेज बहादुर कार्की को श्रीमती उदयपुर जिल्ला कटारी गा.वि.स./न.पा. वडा नं ३ बस्ने श्री सिता कुमारी कार्की को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला लवटोली वडा नं २ क को कित्ता नं. ६६८ को क्षेत्रफल ०-१-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

३. श्री वीरबहादुर आले मगर को नाति श्री पदमबहादुर आले मगर को छोरा धनुषा जिल्ला भरतपुर गा. वि.स./न.पा वडा नं ४ बस्ने श्री कृष्णबहादुर आले मगर को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला भरतपुर वडा नं ४ क को कित्ता नं. ११६८ को क्षेत्रफल ०-३-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

४. श्री पदमबहादुर आले को बुहारी श्री कृष्णबहादुर आले को श्रीमती धनुषा जिल्ला भरतपुर गा.वि.स./न.पा. वडा नं ४ बस्ने श्री खिन माया मगर्नी को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला भरतपुर वडा नं ४ क को कित्ता नं. १०१८ को क्षेत्रफल ०-५-१०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

५. श्री रामगुलाम साह को बुहारी श्री शम्भु कुमार साह सुडी को श्रीमती सिरहा जिल्ला रामनगर मिर्चैया गा. वि.स./न.पा. वडा नं ३ बस्ने श्री रमिता साह को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला यज्ञभुमि वडा नं ३ क को कित्ता नं. ३४५ को क्षेत्रफल ०-०-१०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

६. श्री अनुप महतो कोइरी को नाति श्री सरजुग महतो कोइरी को छोरा धनुषा जिल्ला तल्लो गोदार गा. वि.स./न.पा. वडा नं ३ बस्ने श्री विपती महतो कोईरी को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला तल्लो गोदार वडा नं ४ क को कित्ता नं. १४१ र ५५ को क्षेत्रफल ०-१३-१-० र ०-७-२-० वडा नं ५ क को कित्ता नं. ६२ को क्षेत्रफल ०-१०-५-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD.** पुतलीसडक, काठमाण्डौं रहेको **खाता नं.००१०००१४८६६०००01** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै जनकपुर शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।

(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय जनकपुरमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(१२) सुरक्षणमा रहेको धितोअरु आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।

(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।


**National Co-operative Bank Limited (NCBL) राष्ट्रिय सहकारी बैंक लिमिटेड**
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web : www.ncbl.coop

# चोकको नामकरण विवाद पाँच बुँदे सहमतिसंगै समाधान

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको सबैलामा एक चोकको नामकरण सम्बन्धी उत्पन्न भएको विवादलाई समाधान गर्नका लागि पाँच बुँदे सहमति भएसंगै तत्कालका लागि समाधान भएको छ।



जनकपुरधाममा मंगलबार जिल्ला प्रशासन कार्यालय धनुषा, सुरक्षानिकायका प्रतिनिधिहरु, जनप्रतिनिधि, सरोकारवाला निकाय र स्थानीयहरुबीच भएको छलफलमा विभिन्न पाँच बुँदे सहमति भएको छ।

सर्वपक्षीय सहमतिमा सबैला नगरपालिकाले विवादित चोकको नाम आगामी दुई महिनाभित्र नामकरणको गरिने निर्णय भएको छ । यस सम्बन्धी निर्णयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को आधारमा नगरपालिकाले जिल्ला सुरक्षा समिति धनुषासंग समन्वय गर्ने भएको छ। त्यस्तै घटनामा घाइते भएका व्यक्तिहरूको उपचार र क्षतिपूर्तिका लागि जिल्ला सुरक्षा समितिले गृह मन्त्रालयसंग समन्वय गर्ने निर्णय भएको छ। विवादित चोकको नामकरण नहुँदासम्म सो स्थानको अवस्था परिवर्तन नगर्ने सहमतिसमेत भएको छ। घटनाको छानबिनका लागि जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षकको संयोजकत्वमा एक समितिको गठन गरिएको छ। सो समितिको प्रतिवेदनका आधारमा थप निर्णय गरिने छ।

सर्वपक्षीय सहमति पत्रमा सबै पक्षलाई संयमित र सम्मानजनक व्यवहार गर्न आग्रह गरिएको छ। चोकको नामकरण नभएसम्म सबै पक्षले एकअर्कासँग शान्तिपूर्ण र सम्मानपूर्वक व्यवहार गर्ने सहमति गरेका छन्।

सो चोकको नामकरणलाई लिएर उत्पन्न विवादका क्रममा सोमबार प्रहरीले चलाएको गोली शहिदनगरका २० वर्षीय युवक सन्तोष यादवलाई लागेको थियो। अहिले यादवको उपचार काठमाण्डुमा भइरहेको छ।

# इनारभित्र युवकको शव फेला



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-८ स्थित जमुनिवासमा एक पुरुषको शव इनारभित्र फेला परेको छ।

इलाका प्रहरी कार्यालय ढल्केवरका अनुसार मृतकको पहिचान सोही ठाउँका ३५ वर्षीय नारायण घिसिङको रूपमा भएको छ।

प्रहरी निरीक्षक जटाशंकर यादवले जनाए अनुसार मृतक घिसिङको शव उनको घर नजिकै रहेको इनारभित्र फेला परेको छ। सो घटनाबारे प्रहरीलाई जानकारी प्राप्त भए पनि रातीको अन्ध्यारो र कठिन परिस्थितिका कारण शवलाई इनारबाट निकाल्न सकिएको थिएन । त्यसपछि मंगलबार बिहान सशस्त्र प्रहरीको सहयोगमा शव इनारबाट बाहिर निकालिएको जानकारी प्राप्त भएको छ।

शवलाई पोष्टमार्टमका लागि महोत्तरीको बर्दिवासस्थित बर्दिवास अस्पताल पठाइएको छ। मृत्युको कारण भने खुल्न सकेको छैन । प्रहरी निरीक्षक यादवले भने, 'मृत्युको कारण र घटनाबारे यकिन जानकारी हामीसँग छैन । पोष्टमार्टम रिपोर्ट आएपछि मात्र वास्तविक कारण खुल्ने छ।'

घटनाबारे अनुसन्धान भइरहेको र थप जानकारी प्राप्त भएमा सार्वजनिक गरिने प्रहरीले जनाएको छ । मृतकका पिता काजीसिंह घिसिङले भने, 'चार दिनदेखि छोरा हराएको थियो।

मैले आफन्त र चिनजानका व्यक्तिहरूसँग फोन गरेर खोजी गरिरहेको थिएँ।

# ठगी गर्ने एक महिला पक्राउ

**टुडे समाचारदाता**



मलंगवा । सर्लाहीकोहरिपूर्वाका एक युवकलाई प्रहरीमा जागिर लगाई दिने भन्दै ठगी गर्ने एक महिलालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जिल्लाको लालबन्दी नगरपालिका- १७ स्थित रानीगञ्जकी ३२ वर्षीया लक्ष्मीकुमारी महतो रहेको सर्लाही प्रहरीले जनाएको छ । महतोले हरिपूर्वा नगरपालिका-५ स्थित २१ वर्षीय शिवमकुमार यादवलाई प्रहरीमा जागिर लगाइ दिने भन्दै पटक-पटक गरी दुई लाख ७५ हजार रुपैयाँ ठगी गरेको प्रमाण फेला परेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका डिएसपी सरोज राईले बताए।

सार्वजनिक मुद्दामा धनुषा प्रहरीको नियन्त्रणमा रहेकी लक्ष्मीकुमारीलाई त्यहाँबाट हिरासतमुक्त भएपछि सर्लाही ल्याइएको छ । धनुषामा अदालतको आदेश अनुसार धरौटी रकम बुझाउन नसकेपछि महिलालाईकारागार चलान गरिएको थियो।

कारागारमुक्त हुनासाथ सर्लाहीमा परेको उजुरीका आधारमा लक्ष्मीकुमारीलाई धनुषा प्रहरीसँग समन्वय गरी सर्लाही ल्याइएको डिएसपी राईले बताए। सर्लाही प्रहरीले महिलाविरुद्ध ठगी तथा आपराधिक विश्वासघात मुद्दामा जिल्ला अदालतबाट पाँच दिनको म्याद लिएर अनुसन्धान अघि बढाएको छ।

महिलाले शिवकुमारलाई ठगी गरेको भनी हालसम्म एउटा मात्रै जाहेरी आएको र अन्य व्यक्तिलाई समेत ठगी गरेको हुनसक्ने आशंकामा सोधपुछ भइरहेको डिएसपी राईले बताए।

### चरित्र र वस्त्रमा दाग !

# कोही अहम्मा छन् त कोही बहम्मा



हिमांशु चौधरी

मार्क ट्विनले राजनीति मात्र एउटा यस्तो पेशा हो, जसमा चोरी गर्न सकिन्छ, झुटो बोल्न सकिन्छ, धोका दिन सकिन्छ र यस्तो क्रिपाकलाप गर्दा पनि सम्मानित हुन सकिन्छ। मार्कको भनाइ वर्तमान राजनैतिक परिवेश, मनोदशा, परिस्थिति, मनोवृत्ति, आकांक्षा, आपराधिक संरचना, स्वेच्छाचारी प्रवृत्तितर्फ लक्षित छ । यसले राजनीति के का लागि, कस्तो व्यक्तिका लागि, कस्तो परिवेशका लागि, किन गर्नेलाई पनि बोध गराउँछ । विलियम शेक्सपियरले मन यस्तो सेतो लुगा हो जसलाई जस्तो रंगमा रंगियो भने उसको रंग रंगिएको रंग अनुरुप हन जान्छ। यो भनाइ पनि विचार, व्यवहार, कार्य शैलीतर्फ संकेत गरिएको छ।

त्यस्तै बेकनको मतमा नराम्रो व्यक्ति त्यो बेला पनि नराम्रो हुनसक्छ जब उ राम्रो भएको स्वांग गर्छ कथनले पनि वर्तमान राजनैतिक चरित्र र नैतिकताको आशय, धरातललाई पुष्टि गर्दछ। प्रतिभा बिना पद प्राप्त भएमा धृतराष्ट्र बन्ने र प्रतिभा भए पनि पद प्राप्त नभएमा कर्ण बन्ने हाम्रो नियति रहेको छ । वस्तुतः चरित्र र वस्त्र जतिसुकै सफा भए पनि दृष्टि दागमै केन्द्रित हुन्छ।

यी सम्पूर्ण भाव पद्धति, प्रक्रिया, संरचना, राजनैतिक अवस्था, विश्वसनीयता, समझदारी, आमजनताको संवदेनशीलताप्रतिको उदासीन राजनैतिक चरित्रलाई दर्शाउँछ। यसले शासकीय नेतृत्वकर्ताहरुको कार्य शैली, परिणाम, अवस्थातर्फ चिन्तन गर्न प्रेरित गर्दछ । राजनीतिकर्मीहरुको राजनीति कर्म देश र जनताप्रति लक्षित छ कि दलीय स्वार्थ, परिवारजनको उन्नति प्रगति, बर्बाद पार्नेतर्फ उद्यत छ, विचारणीय पक्षहरु रहेका छन्। संघीयत , गणतन्त्रको वातावरणमा यी अवस्थाहरुको लेखन, चर्चा आफैमा पनि संवेदनशीलता बोधक हो।

देश, प्रदेश अस्थिर संरचनाले ग्रस्त छ। मार्क ट्विनले भनेका अनुसार राजनीतिमा चोरी भइरेको छ , झुटो बोल्ने दिनचर्या बनेको छ, राजनीतिक धोकाको खेल उत्कर्षमा छ तापनि सम्मान स्वरुप प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री, पार्टी अध्यक्ष, विभिन्न लाभका पद पाउने , महल निर्माण गर्ने, आफ्नो सन्ततिको भविष्य उज्ज्वल पार्ने, कुशासन मौलाउने, शासकीय संरचनामा स्वेच्छाचारी प्रवृति हावी छ। यसले कवि अज्ञेयको कवितालाई स्मरण गराउँछ- सर्प ! तिमी सभ्य त हुन सकैनौं, नगरमा बस्न पनि तिमीलाई आएन, एउटा कुरा सोध्छु, जबाफ दिन्छौं ? तिमी दन्श गर्न कसरी सिक्यौं, विष कहाँबाट प्राप्त गर्‍यौं ?

राजनीति वेत्ता एवं कूटनीतिज्ञ चाणक्यको मतमा सर्पको विष उनको दाँतमा, झिंगाको विष शिरमा, बिच्छको विष पुछारमा हुन्छ अर्थात यी बिषालुको एक - एक अंगमै विष हुन्छ तर दुर्जन मनुष्यको प्रत्येक अंगमा नै विष हुन्छ। नेपालका राजनीति बेत्ता एवं कूटनीतिज्ञहरुको चाणक्यको मत बमोजिम तुलना गर्दा दुर्जन व्यक्तिकै श्रेणीतर्फ संकेत गर्दछ । विषालु प्राणीले विशेष परिस्थतिमा विष प्रयोग गर्छ भने दुष्टले सधैं विषको प्रयोग गरिरहने मनोविज्ञानबाट ग्रसित हुन्छ।

राजनैतिक अस्थिरता, भ्रष्टाचार, विकासमा शिथिलता, कुशासन विष स्वरुप धारण गरी सर्वत्र फेलिंदै गइरहेको छ। नेता , कर्मचारी , नेतृत्वकर्ताहरुको कर्तुत विष नै हो, जसले सम्पूर्ण संरचनालाई नै विषालु बनाउँदै गइरहेको छ। जल, अन्न, हितकारी वचनलाई रत्न मानिएको अवस्थामा मूर्ख व्यक्ति ढुंगाको टुक्रालाइ नैं रत्न मान्ने गरेको बुढापाकाको भनाइ बमोजिम कर्तुत ढाकछोप गर्नेले अस्थिरतालाई रत्न मान्दै सत्तालाई समेत विषालु बनाउन उद्यत छन्। जसले निराशाको





बादल मडारिनमा सघाउ पुर्‍याइ रहेको छ।

प्रज्ञा प्रतिष्ठान र विश्वविद्यालयलाई मृत्यु शैयामा पुर्‍याउन खोज्ने शासकको वर्चश्व छ । कामकाजको भाषा अन्तर्गत विदेशी भाषासँग साइनो लगाउन खोज्ने , विकास योजनालाई क्रय बिक्रय गर्ने मपाई, आम सञ्चार, पत्रकारिता, चलचित्रका अध्यक्षलाई कार्यालय सहयोगी जस्तै कार्यकाल बिताउनु पर्ने बाध्यता, मुख्यमन्त्री, गृहमन्त्रीलाई प्रमुख जिल्ला अधिकारीले नटेर्ने, योग्यभन्दा पनि आफ्नो वफादारलाई पद मा स्थापित गराउने तानाबाना, कुनै पद रिक्त हुँदा इथियोपियामा भुखले व्यग्र भइ लुछाचुडी गर्ने अवस्था झैं आफ्नै दलका मान्छेलाई योग्य ठान्ने तछाड मछाड, आफ्नो दायित्वभन्दा पनि केटाकेटीपनमूलक गतिविधिलाई सफलताको मापन बनाउन खोज्ने होडबाजी छ जसले पद्धतिप्रति निराशा रुपी बिष विस्तार गरिरहेको छ। दुशासनजन्य घात गर्नेलाई चाणक्य ठान्ने भूलभुलैयाको अवस्था छ।

यहाँ जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले केही महिना पूर्व रजनीशको जन्मोत्सवमा काठमाण्डुमा आयोजित समारोहमा भनेका शब्द स्मरण भएको छ। उक्त समारोहमा उनले भनेका थिए - अमेरिकामा बस्दा जिज्ञासा थियो, सपना थियो, प्रश्न गर्ने धोको हुन्थ्यो, प्रश्न नगर्नेलाई राम्रोमा गणना हुँदैन्थ्यो। नेपाल आएर राजनीति क्षेत्रमा होमिदा इच्छा मरेको छ, आख्यानहरु मरिसकेका छन्, आकांक्षा छैन, प्रश्न गर्ने जिज्ञाशा समाप्त भइसक्यो..........। यो भनाइको केही दिन पछि उनीबाट टेलिभिजन संवादमा पत्नीलाई त्याग्नेहरुले सफलताको पाएका दृष्टान्तको प्रस्तुति भयो। यी आरोह अवरोहका क्रममा एक दिन महेन्द्र नारायण स्मृति सांस्कृतिक केन्द्रमा आयोजित कार्यक्रममा उनले राजनीतिमा होमिएको कारण बारे स्पष्ट गरे - एकपल्ट अमेरिकाबाट गाउँ आउँदा आफूलाई ज्ञानी, ठूलो मान्छे भन्दै गाउँमा सिंचाइको अभाव र व्यवस्थापनका बारेमा आग्रह गरेपछि लहान स्थित सिंचाई कार्यालयमा सम्पर्क गरेको तर समस्या समाधान भएन। त्यसपछि पश्चिमको यात्रा गर्दा त्यहाँ देखिएको दुर्दान्त अवस्था नै आफ्नो राजनीतिमा प्रवेशको बिन्दु बन्यो। जे जस्तो भए पनि वर्तमानमा म सन्तुष्ट छु।

हालसालै वर्दिवासमा केन्द्रीय समितिको बैठक पूर्व नै समितिका पदाधिकारी निलम्बन, आर्थिक चलखेल, स्वेच्छारितालगायतका घटनाक्रमले चर्चा पाइरहेको छ ।यी प्रसंगहरु उल्लेख गर्नुको आशय कहाँ छन् मधेश, स्वराज्य, युवाहरुलाई पलायन हुनबाट रोक्ने स्वप्न महल ? अंग्रेजी शब्द पर्सनलिटी अद्भूत छ। ग्रीक नाटकमा मुखमा मुखौटा लगाइ नाटक गर्ने पात्रलाई परसोना भन्ने चलन थियो। नाटकमा अरुको अनुहार लगाउनेलाई परसोना भनिन्थ्यो । सोहीबाट पर्सनलिटी शब्दको निर्माण भएको मत पाइन्छ ।चरित्र मार्ग अन्तर्गत जिन्दगीमा अस्थिरता, भ्रष्टाचार, दुष्कर्म, व्यभिचार, निरंकुश, चरित्रहीन अपारदर्शी, वासना, परिवारवाद, जातीयवाद, संकीर्ण, स्वार्थ, महत्वाकांक्षा, दम्भको अनुहार लगाएका छौं, त्यसैलाई रत्न मान्दै गएका छौं र त्यसैलाई नै व्यक्तित्वको संज्ञा दिएका छौं । अनि त राउतकै दलका मुख्यमन्त्री सतीश कुमार सिंह महामूर्खको उपाधि ग्रहण गर्न घण्टौं समय व्यतीत गर्नमा रत्तीभर पनि संकोच मान्दैन । किन कि उनका अध्यक्ष राउतको मानसिक चक्रमा सन्तुष्टि रुपी विष विस्तार भइसकेको छ, उनलाई कुनै डर छैन, पश्चाताप छैन, चिन्ता छैन। प्रश्न उब्जेको छ - अज्ञान रुपी शक्तिवर्द्धक परिदृश्यका पात्र को हुन् ? समयले नाम र निशान बगाएर लैजान्छ, कोही अहम्मा रही रहन्छन त कोही वहम्मा। सम्भवतः यसै कारणले भनिएको होला जहाँ मुर्खहरुको मञ्च हुन्छ , त्यहाँ सबै सरपञ्च नै हुन्छ । यस्तोमा वर्ट्रेन रसेलले लेखेको एउटा मजाक स्मरण हुन्छ - यसका लागि डर लाग्छ कि एक त मोक्षमा कुनै प्रश्न नै हुँदैन, किन कि त्यहाँ सबै ज्ञानी होलान्, पूर्ण ज्ञानी बन्दै होलान् । कुनै कुराकानी हुँदैन होला, त्यहाँ चहार्ने कुनै स्थान नहोला।

# मुख्य सडक विस्तारका लागि कार्यालयका संरचना तत्काल हटाउने निर्णय

**टुडे समाचारदाता**

वीरगञ्ज । सर्वोच्च अदालतले फागुन २८ गते वीरगञ्जको मुख्य सडक (मेन रोड) विस्तारको पक्षमा फैसला गरेपछि वीरगञ्ज महानगरपालिकाले मंगलबार सडक क्षेत्रमा पर्ने सम्बन्धित सरकारी कार्यालयका प्रमुखहरूसँग बैठक आयोजना गरेको छ। सो बैठकमा सडक क्षेत्राधिकार (दायाँ/बायाँ २५/२५ मिटर) भित्र पर्ने आफ्ना संरचना तत्काल हटाउने प्रतिबद्धता सरकारी कार्यालयका प्रमुखहरूले व्यक्त गरेका छन्।



यसअघि वीरगञ्ज भन्सार कार्यालय, नारायणी सिँचाइ कार्यालय र नेपाल बैंक लिमिटेड सिटी अफिस वीरगञ्जले सडक क्षेत्राधिकार छाडेर आफ्ना संरचना निर्माण गरिसकेका छन्। अन्य सरकारी कार्यालयहरूले पनि आफ्ना संरचना हटाउने प्रतिबद्धता जनाएका छन्, जसले सडक डिभिजन कार्यालय हेटौंडालाई सडक विस्तारको कार्यान्वयनमा सहजता प्रदान गर्नेछ।

वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले सर्वोच्च अदालतको आदेशअनुसार सडक विस्तार कार्यलाई सडक डिभिजन कार्यालयको पहलमा सहकार्य गर्दै अघि बढाउने बताए। उनले पहिलो चरणमै सरकारी कार्यालयहरूले आफ्ना संरचना हटाइदिए सर्वोच्चको फैसला कार्यान्वयनमा सहज हुने बताए।

सो बैठकमा सडक सीमा निर्धारण, संरचना हटाउने प्रक्रिया, सार्वजनिक सेवा प्रवाहमा अवरोध हुन नदिनुपर्ने तथा अन्य प्राविधिक पक्षबारे छलफल भएको थियो। विभिन्न सरकारी कार्यालयहरूले सडक विस्तार कार्यलाई सहज बनाउन आवश्यक सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गरेका छन्।

बैठकमा सहभागी नेपाल टेलिकमका प्रतिनिधि राम प्रसाद शर्माले टेलिकमका संवेदनशील उपकरण तथा नेटवर्किङ तार व्यवस्थापनका लागि केही समय लाग्ने बताए । उनले सेवाग्राहीलाई समस्या नहुने गरी आफ्नो संस्थाले आवश्यक व्यवस्थापन गर्ने जानकारी दिए। त्यस्तै, नेपाल विद्युत् प्राधिकरणले सडक विस्तार कार्यलाई सहजीकरण गर्न पोल स्थानान्तरण गर्ने जनाएको छ। खानेपानी कार्यालयले पनि पाइपलाइन व्यवस्थापनका लागि प्राविधिक तथा भौतिक सहयोग गर्ने प्रतिवद्धता जनाएको छ।

सडक सीमा निर्धारण यस अघि भइसकेको भए पनि केही स्थानमा संकेत चिन्हहरु मेटिइसकेकाले चिन्ह लगाउने काम सडक डिभिजन कार्यालय हेटौंडाको नेतृत्वमा नापी र मालपोत कार्यालयले एक हप्ता भित्र गर्ने निर्णय गरेको छ।

यस्तै बैठकले अति संवेदनशील कार्यालय बाहेक अन्य कार्यालयले तत्कालै स्वः स्फूर्त रुपमा सडक सीमा भित्र पर्ने आफ्ना संरचना स्थानान्तरण गरी बाटो विस्तारमा सहयोग गर्ने, संरचना हटाउँदा सडक क्षेत्र बाहेकको सेड व्याकको क्षेत्र समेत खाली गराउन लगाउने, सडक सीमा भित्र रहेका संरचना स्थानान्तरण गर्दा सार्वजनिक सेवा अवरुद्ध नहुने गरी गर्नका लागि सम्बन्धित कार्यालयहरुले आ-आफ्ना तालुक कार्यालयहरुसँग आवश्यक समन्वय गर्ने निर्णय भएको सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख गुरु प्रसाद अधिकारीवले बताए।

वीरगञ्ज महानगरपालिकाको नेतृत्वमा भएको बैठकमा मालपोत कार्यालय पर्साका प्रमुख अशोक कुमार भट्टराई, नापी कार्यालयका प्रमुख दिपक कुमार सिंह, नेपाल बैंक सिटी अफिस वीरगंजकी संगीता पोखरेल, कोष तथा लेखा नियन्त्रक कार्यालयका वसन्त गुरागाईं लगायत सडक क्षेत्रमा पर्ने विभिन्न कार्यालयका प्रमुखहरूको उपस्थिति थियो । बैठकको संयोजन महानपरापलिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णले गरेका थिए।

त्रिभुवन राजपथअन्तर्गत वीरगञ्जको गण्डक चोकदेखि मितेरी पुलसम्मको सडक विस्तारको प्रक्रिया तीन दशकदेखि अवरुद्ध हुँदै आएको थियो । २०६९ सालमा सरकारले सडक क्षेत्रभित्रका संरचना हटाउन सूचना जारी गरेपछि प्रभावित घरधनीहरूले कानुनी उपचार खोजेका थिए।

२०७६ सालमा लक्ष्मण साह रौनियार, वीरेन्द्रकुमार संघाई, राजकुमारीदेवी तुल्स्यान, भरतसाह रौनियार र सुधीरकुमार वर्णवाललगायतले सडक विभागको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । उनीहरूले सडक विस्तार खारेज गर्नुपर्ने, मुआब्जा दिनुपर्ने र वैकल्पिक मार्ग प्रयोग गर्नुपर्ने माग राखेका थिए।

२७ औं पटकसम्म सुनुवाइ पछि फागुन २८ गते न्यायाधीशद्वय विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले रिट खारेज गर्दै सरकारको पक्षमा फैसला सुनाएको हो। नेपाल सरकारको तर्फबाट नायब महान्यायाधिवक्ता सञ्जीवबहादुर श्रेष्ठ तथा वीरगंज महानगरपालिकाको तर्फबाट अधिवक्ताहरू ईश्वर बराल, सुरेश पोखरेल र धनबहादुर थापाले बहस गरेका थिए। विपक्षीको तर्फबाट वरिष्ठ अधिवक्ताहरू हरिहर दाहाल, श्याम खरेल, शम्भु थापालगायत १० जनाले प्रतिरक्षा गरेका थिए।

# शुल्क निर्धारण गर्न संस्थागत विद्यालयलाई निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम। शैक्षिक संस्थानद्वारा विद्यार्थीहरुसँग लिइने शुल्कको विषयमा शैक्षिक सत्र शुरु हुनु अघि नै जनकपुरधाम उपमहानगरपालिका सक्रिय भएको छ। संस्थागत विद्यालयलाई २०८२ को शुल्क प्रस्ताव १५ दिन भित्र पठाउन मंगलबार जनकपुरधाम उपमहानगरपालिकाले निर्देशन दिएको छ।

शिक्षा तथा खेलकुद विकास शाखाका प्रमुख धीरेन्द्रलाल कर्णले जानकारी दिए अनुसार विभिन्न विद्यालयको नाउँमा पत्र काटी शुल्कको प्रस्ताव विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराइ १५ दिन भित्र पेश गर्न आग्रह गरेका छन्।

संस्थागत विद्यालयहरु विद्यार्थीहरुसँग चर्को पैसा असुली गरिरहेको आरोप खेपिरहेको क्रममा शुल्क निर्धारण गरी सार्वजनिक गर्न निर्देशन दिएको छ।

**मौसमी फ्लु रोकथामका उपाय**

- बिरामी भएका व्यक्तिसंगै भौतिक दूरी कायम गरौं,
- खोक्दा हाच्छिउँ गर्दा मुख र नाक छोपौं,
- शारीरिक रुपमा सक्रिय बनौं र पौष्टिक खाना खाऔं,
- बिरामी हुँदा सम्भव भएसम्म घरमै बसौं,
- समयसमयमा साबुनपानीले हात धुऔं,
- स्यानिटाइजरको प्रयोग गरौं,
- आँखा, नाक, मुख छोईरहने बानी नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८